The good news of Jesus

# प्रभु येशूको सुसमाचार

By
Christy Akins Brawner

## विषय सूची

**पाठ** **पृष्ठ**


| | |
|---|---|
| **पाठ १ – प्रभु येशूको जन्म** | १ |
| **आत्मिक सत्यताहरु** | ४ |
| **पाठ २ – येशूको बप्तिस्मा** | ७ |
| **आत्मिक सत्यताहरु** | ११ |
| **पाठ ३ – येशूले गर्नुभएका आश्चर्यकर्महरु** | १३ |
| **आत्मिक सत्यताहरु** | १७ |
| **पाठ ४ – येशूको शिक्षाहरु** | १९ |
| **आत्मिक सत्यताहरु** | २३ |
| **पाठ ५ – येशूलाई गरिएको विश्वासघात** | २५ |
| **आत्मिक सत्यताहरु** | ३० |
| **पाठ ६ – येशूलाई क्रूसमा टाँगिएको घट्ना** | ३२ |
| **आत्मिक सत्यताहरु** | ३७ |
| **पाठ ७ – येशूको पुनरुत्थान** | ४० |
| **आत्मिक सत्यताहरु** | ४४ |


**पाठ १**

# प्रभु येशूको जन्म

**(मत्ती १–२)**

**"यसरी अब्राहामदेखि दाऊदसम्म चौध पुस्ता र दाऊदको समयदेखि बेबिलोनको कैदको समयसम्म चौध पुस्ता र बेबिलोनको कैदको समयदेखि ख्रीष्टको समयसम्म चौध पुस्ता भए ।"** (मत्ती १:१७)

मरियम, एक यहूदी स्त्री, यौन सम्बन्धबिना नै पवित्र आत्माद्वारा गर्भवती भएकी थिइन् । मरियमको जोसँग उनको मगनी भएको थियो, ती व्यक्ति धार्मिक भएका कारण उनले मरियमलाई खुल्लमखुल्ला इन्कार नगरी उनीसँगको हुनेवाला वैवाहिक सम्बन्धलाई गोप्यमा नै तोड्ने विचार गरे । तर उनले यो निर्णय गरिरहेकै रातमा परमेश्वरका एउटा दूतले उनलाई सपनामा यसो भने, "जोसेफ, दाऊदको छोरा, मरियमलाई आफ्नी श्रीमती स्वीकार गर्न नडराऊ, किनभने उनी गर्भवती भएकी छिन् त्यो पवित्र आत्माद्वारा हो । उनले एउटा पुत्र जन्माउनेछिन् र तिमीले उहाँको नाउँ येशू राख्नु, किनभने उहाँले आफ्ना मानिसलाई तिनीहरुको पापबाट बचाउनुहुनेछ ।" किनभने मरियम उनै स्त्री थिइन्, जसको विषयमा भविष्यवक्ता यशैयाले पुरानो कर ारमा यसरी भनेका थिए, "हेर कन्या गर्भवती हुनेछिन्, तिनले एउटा पुत्र जन्माउनेछिन् जसको नाम इम्मानुएल हुनेछ, जसको अर्थ हो - परमेश्वर हामीसित ।"

योसेफ सपनाबाट व्युँझे र स्वर्गदूतले भनेको कुरा माने । उनले मरियमलाई विवाह गरे, तर बालक नजन्मेसम्म उनीसँग यौन सम्बन्ध राखेनन् । स्वर्गदूतबाट पाएको शिक्षाअनुसार उनले बालकको नाम येशू राखे । बेतलहेम शहरमा येशूको जन्म भयो, जुन इस्राएल देशको यहूदीया प्रान्तमा पर्दथ्यो र त्यो समयमा यहूदीया प्रान्तका राजा हेरोद थिए ।

केही ज्ञानी मानिसहरु पूर्वबाट तारालाई पछ्याउँदै यहूदीयामा आए । ती ज्ञानी मानिसहरुको अध्ययनअनुसार, यो ताराले यहूदीयामा राजा जन्मिएका

छन् भन्ने कुराको सङ्केत दियो । ठीक, कुन ठाउँमा राजाको जन्म भएको थियो थाहा थिएन, त्यसकारण सर्वप्रथम तिनीहरु हेरोद राजाको दरवारमा गए, जो यहूदीया प्रान्तका राजा थिए । तिनीहरुले यहूदीयाका नयाँ राजाको जन्म कहाँ भएको छ भनी उनलाई सोधे । तिनीहरुको कुरा सुनेर हेरोद अत्यन्त क्रोधित भए र उनले आफ्ना धार्मिक सल्लाहकारहरु र पूजाहारीहरुलाई बोलाएर गोप्य सभा गरे । उनले ती मानिसहरुलाई सोधे, “यहूदीहरुको भविष्यवाणीअनुसार” यहूदीहरुका राजा कहाँ जन्मनुपर्छ ? उनीहरुले तिनलाई भने, “धर्मशास्त्रअनुसार यहूदीयाका राजा बेतलहेममा जन्मनुपर्छ ।” अनि हेरोद ज्ञानी मानिसहरुकहाँ गए र तिनीहरुलाई सोधे, “सबैभन्दा पहिलो तारा कहिले देखापरेको थियो ?” बालकको जन्म मिति थाहा पाउन र उमेर थाहा पाउनको लागि उनले यसरी सोधेका थिए । उक्त बालकको जन्म कुन शहरमा हुनुपर्थ्यो भन्ने कुरा हेरोदले ती ज्ञानी मानिसहरुलाई बताए । उनले यो पनि भने, “जाओ र बालकलाई होशियारीसाथ खोज, जब भेट्नेछौ, मकहाँ आओ ता कि म पनि उसको आराधना गर्न पाऊँ ।

त्यसपछि ती ज्ञानी मानिसहरु दरवारदेखि निस्किए र तारालाई पछ्याउँदै बेतलहेम पुगे । जुन घरमा बालक जन्मिनुभएको थियो, ठीक त्यहीँ गएर सो तारा अडियो । तिनीहरु घरभित्र पसे र तुरुन्तै बालकलाई उहाँकी आमाको साथमा देखे र निहुरिएर उहाँलाई आराधना गरे । तिनीहरुले उहाँलाई सुन, धुप, र मुर्रको बहुमूल्य भेटी चढाइ दण्डवत् गरे ।

त्यसपछि ती मानिसहरु त्यहाँबाट आफ्नो घर फर्कन तयार भए, तर फर्कनुअघि तिनीहरुले सपनामा “हेरोदकहाँ फर्की नजाओ र बालकको विषयमा केही पनि नभन्नु” भन्ने चेतावनी पाए । त्यसकारण तिनीहरु अर्को बाटो भएर आफ्नो घर गए ।

तिनीहरु गएपछि, योसेफले अर्को सपना देखे जसमा उनलाई परमेश्वरबाट सावधान गराइएको थियो कि “हेरोदले बालकलाई खोजिरहेका छन् र त्यसकारण मिश्रदेशमा भागेर जाओ ।” उनीहरु हेरोदको मृत्यु नभएसम्म त्यही बसे । यो पनि होशे भविष्यवक्ताले गरेका यो भविष्यवाणी पूरा भएको थियो, “म मेरो पुत्रलाई मिश्रबाट बोलाउनेछु ।”

जब हेरोदले ज्ञानी मानिसहरुले धोका दिएका कुरा थाहा पाए, तब उनी साह्रै रिसाए । उनले २ वर्षमुनिका सबै बालकहरुलाई हत्या गर्नु भनी घोषणा



गरे र बेतलहेम र वरपरका शहरमा पनि त्यसरी हत्या गर्न लगाइयो । यस विषयमा यर्मिया भविष्यवक्ताले पहिले नै भनेका थिए ।

जब हेरोदको मृत्यु भयो, तब स्वर्गदूत योसेफकहाँ देखापरे र भने, “इस्राएलमा फर्किजाओ ।” तर योसेफ अलि डराए किनकि हेरोदका छोराले यहूदीयामा शासन गर्दै थिए । त्यसैले योसेफ आफ्ना परिवार लिएर छिमेकी प्रान्त गालीलको एउटा शहर नासरतमा गए । येशूले आफ्नो बाल्यकाल यही शहरमा बिताउनुभयो । यसरी, उहाँलाई नासरी भनिनेछ भन्ने भविष्यवाणी पनि पूरा भयो ।

## मौखिक प्रश्न

१. मरियम को थिइन् ?

२. स्वर्गदूत कसकहाँ देखापरे र उनलाई बालकको नाम के राख्न लगाइयो ?

३. के ज्ञानी मानिसहरु पूर्वबाट यहूदीया आएका थिए ?

४. हेरोदले किन येशूलाई भेट्न चाहन्थे ?

५. हेरोदकहाँ नजानु तर अर्को बाटो भएर जानु भन्ने आज्ञा ज्ञानी मानिसहरुले कसरी पाए ?

६. कसरी हेरोदले प्रतिज्ञा गरिनुभएका यहूदीहरुका राजालाई मार्ने कोशिस गरे भन्ने कुरा जाहेर हुन्छ ?

७. योसेफले आफ्नो देश छोडेर मिश्र देश जानुपर्ने कुरा कसरी थाहा पाए ?

८. योसेफलाई कसरी उनीहरु सुरक्षित फर्कन सक्दछन् भन्ने थाहा भयो ? येशूको बाल्यकाल कुन शहरमा बित्यो ?

९. योसेफ किन आफ्नो परिवार लिएर यहूदीया जानुको सट्टा छिमेकी प्रान्त नासरतमा गए ?

# आत्मिक सत्यताहरू

## (मत्ती १–२)

१. परमेश्वर विश्वासयोग्य हुनुहुन्छ र उहाँले आफ्नो प्रतिज्ञा सधैं पूरा गर्नुहुन्छ । पहिलो पुरुष र स्त्रीको सृष्टिदेखि नै उहाँले संसारमा मुक्तिदाता पठाउने प्रतिज्ञा गर्नुभएको थियो । ती वर्षहरुमा उहाँले मुक्तिदाता कसरी आउनुहुनेथियो भन्ने कुराको पूर्ण विवरण मानिसहरुलाई बारम्बार दिइरहनुभयो । धर्मशास्त्रले भनेअनुसार ठीक समयमा येशू संसारमा आउनुभयो । हामीले कम्तिमा पनि एउटा भविष्यवाणी याद गरौं, जुन येशूको जन्मद्वारा पूरा भयो ।

त्यसरी नै परमेश्वर हाम्रो निम्ति विश्वासयोग्य हुनुहुन्छ । बाइबलमा हाम्रो निम्ति उहाँले गर्नुभएका योजनाहरुको बारेमा धेरै महत्वपूर्ण प्रतिज्ञाहरु छन् । उहाँले ती सबै प्रतिज्ञाहरु र भविष्यवाणीहरु पूरा गर्नुहुनेछ । त्यसकारण बाइबल अध्ययन गर्नु र हाम्रो जीवनप्रतिका परमेश्वरका प्रतिज्ञाहरुलाई थाहा पाउनु ज्यादै महत्वपूर्ण हुन्छ ।

२. बाइबल परमेश्वरको वचन हो र यसमा भएका सबै कुरा सत्य छन् । येशूको जन्म र जीवनको बारेमा हजारौं वर्ष पहिले नै परमेश्वर आफ्ना भविष्यवक्ताहरुद्वारा बोल्नुभएको थियो । उहाँले भविष्यवाणी गर्नुभएका सबै कुरा ठीक समयमा पूरा गर्नुभयो ।

३. सबै कुराको नियन्त्रण परमेश्वरमा नै छ । उहाँले सबै कुरा अलौकिक वा आश्चर्यजनक प्रकारले हुन दिनुहुन्छ । यो कथामा केही अलौकिक वा आश्चर्यजनक कामहरु भएका छन्, तीमध्ये एउटालाई उल्लेख गर्नुहोस् ?

४. परमेश्वरले मानिसहरुसँग कुरा गर्न सक्नुहुन्छ । कतिले यस्तो विश्वास गर्छन् कि परमेश्वरले संसार सृष्टि त गर्नुभयो, तर उहाँले यहाँ के भइरहेको छ भन्ने कुराको वास्ता गर्नुहुन्न । यो कथामा परमेश्वरले कसरी मानिसहरुसँग कुरा गर्नुभएको छ ? आज पनि परमेश्वरले





हामीसँग कुरा गर्नुहुन्छ । यो कथाबाट हामीले कसरी परमेश्वरसँग साँचो सम्बन्ध राख्न सक्दछौं भन्ने कुरा सिक्दछौं ।

५. परमेश्वरले हुन गइरहेका सबै कुरा थाहा पाउनुहुन्छ । तर कति पटक त उहाँले आफ्नो ईश्वरीय बुद्धिअनुसार नै दुःखलाग्दो कुरा हुन दिनुहुन्छ । हेरोदले परमेश्वरद्वारा प्रतिज्ञा गरिएको राजालाई मार्न चाहन्थे किनभने उनी येशूसँग डराएका थिए । हेरोदको हृदयमा भएको दुष्ट विचार परमेश्वरलाई थाहा थियो । उनले सयौं असहाय बालकहरुलाई मार्न खोज्दैथिए भन्ने कुरा परमेश्वरलाई थाहा थियो । अनाज्ञाकारिता र राजद्रोहको कारणले गर्दा उनको हृदयमा एउटा ठूलो डर देखापऱ्यो । हाम्रो अनाज्ञाकारिता र दुष्ट विचारको कारणले गर्दा आज पनि धेरै पटक हाम्रो जीवनमा दुःखलाग्दा कुराहरु हुन आउँदछन् । के तपाईलाई आधुनिक उदाहरण थाहा छ कि एउटा व्यक्तिको दुष्टताको कारणले गर्दा अर्को व्यक्तिलाई चोट पुग्दछ ?

६. मानिस कहिल्यै पनि परमेश्वरको विरोधमा सफल हुन र विजयी हुन सक्दैन । प्रतिज्ञा गरिनुभएका बालकलाई हेरोद राजाले मार्न सकेनन् वा उनी उहाँलाई मार्न असक्षम भए । धेरै परिवारमा दुःखद घटना घटाउन मात्र उनी सफल भए । आज हामीले हरेक पटक परमेश्वरको व्यवस्था र इच्छालाई विरोध गर्ने कोशिस गर्दछौं । यसले हामीमा सधैं दुःखद घट्ना ल्याउँदछ । यसले हाम्रो वरिपरी भएकाहरुलाई पनि चोट पुऱ्याइरहेको हुन्छ । के तपाईले आफ्नै कुनै गलत कामको कारणले आफ्नो जीवनमा घटेको कुनै दुःखद घटना स्मरण गर्न सक्नुहुन्छ ? के तपाईले अर्को व्यक्तिको दुष्ट काम वा विचारको कारणले तपाईलाई चोट पुगेको कुरा विचार गर्न सक्नुहुन्छ ?

७. प्रतिज्ञा गरिनुभएका राजाको बारेमा र धर्मशास्त्र बाइबलको बारेमा धार्मिक सल्लाहकारहरु र पूजाहारीहरुलाई थाहा थियो तर उनीहरु येशूलाई भेट्न गएनन् । कुनै व्यक्तिले बाइबलको बारेमा धेरै जान्न, येशू ख्रीष्टको बारेमा धेरै जान्न, तर उसको हृदय भने कहिल्यै परिवर्तन नहुन के सम्भव हुन्छ ?

८. येशू "परमेश्वर हामीसित" वा "इम्मानूएल" हुनुहुन्छ । यी शब्दहरु स्वर्गदूतले योसेफसँग बोलेका थिए जुन शब्दहरु यशैया भविष्यवक्ताद्वारा धर्मशास्त्र बाइबलमा लेखिएको थियो । अझै कति जनाले यसो भन्दछन्, "येशू स्वर्गदूत हुनुहुन्थ्यो वा असल व्यक्ति हुनुहुन्थ्यो ।" तर बाइबलले उहाँ "परमेश्वर हामीसित" हुनुहुन्थ्यो भनेर सिकाउँदछ ।

हामीले, आउने ६ हप्तामा, "येशू ख्रीष्ट" को हुनुहुन्छ र उहाँले कस्तो किसिमको "असल समाचार" पृथ्वीमा ल्याउनुभयो भन्ने कुरा थाहा पाउने कोशिस गर्नेछौं ।

## पाठ २

# येशूको बप्तिस्मा

**(मत्ती ३–४)**

**"पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजिक आएको छ ।"**

**मत्ती ३:२**

## पुनरावलोकन

१. येशूकी आमाको नाउँ . . . . . थियो ।

२. येशूको जन्मको एउटा आश्चर्य उहाँ . . . . बाट जन्मिनुभएको थियो ।

३. पुरानो करारले ख्रीष्टको जन्मको बारेमा धेरै कुरा बताउँदछ, तीमध्ये एउटा चाहिँ उहाँलाई इम्मानुएल भनिनेछ भन्ने हो, जसको अर्थ "परमेश्वर . . . . . . ." भन्ने हो ।

४. हेरोद यहूदीयाका . . . थिए, जसले येशूलाई मार्ने कोशिस गरेका थिए । उनले बेतलहेम वरिपरि बस्ने २ वर्षमुनिका सबै बालकहरुलाई . . . . . . . . . . . . . . ।

५. ज्ञानी मानिसहरु . . . . लाई पछ्याउँदै येशूलाई पत्ता लगाउन गएका थिए । ती मानिसहरु अर्को बाटो भएर गए किनकि उनीहरुले परमेश्वरको . . . . सुने जुन यो थियो : हेरोदले येशूलाई . . . चाहन्थे ।

६. योसेफ आफ्नो परिवारसहित मध्यरातमा मिश्रतिर गए किनकि परमेश्वरले हेरोद . . . . पछिपछि लागेको थियो भन्ने . . . . उनलाई दिनुभयो ।

७. . . . .द्वारा योसेफले इस्राएलमा फर्किदा सुरक्षित हुन्छ भन्ने कुरा थाहा पाए । तर उनी बेतलहेम फर्केनन्, बरु आफ्नो परिवार लिएर . . . . भन्ने शहरमा गए ।

८. परमेश्वरले इतिहासभरि गर्नुभए जसरी नै आज पनि उहाँले आफ्नो . . . . . . . . पूरा गर्नुहुन्छ ।

९. हाम्रो . . . . मा के छ, सो परमेश्वरले जान्नुहुन्छ, त्यहाँ धेरै दुष्टता भए तापनि उहाँले सो जान्नुहुन्छ ।

१०. धार्मिक व्यक्ति हुनु, बाइबलको बारेमा थाहा पाउनु र पनि . . . . . लाई व्यक्तिगत रुपमा कहिल्यै नचिन्न सम्भव हुन्छ ।

**यी शब्दहरु यहूदीयाको उजाड स्थानमा भेटिएका व्यक्तिले प्रचार गरेका थिए । ती व्यक्तिले ऊँटको रौंका बस्त्र लगाउँथे र कम्मरमा छालाको पटुका बाँध्दथे । उनको खानेकुरा सलह र बनमह थियो । उनको नाउँ बप्तिस्मा दिने यूहन्ना थियो ।**

उनको वचन सुन्नका लागि यर्दन नदीको वरिपरी इलाकामा बस्ने धेरै मानिसहरु उनीकहाँ आए । उनले बोलेका सन्देश सुनेपछि धेरैले आफ्ना पापहरु स्वीकार गरेर बप्तिस्मा लिए । केही सदुकी र फरिसी भनिने धार्मिक अगुवाहरु पनि उजाड स्थानमा के भएको छ भनी हेर्न गए र यूहन्नाले तिनीहरुलाई “सर्पका बच्चा हो” भने । तिनीहरुले परमेश्वरको डर मान्दैनथे, तिनीहरुले आफैले आफैलाई धार्मिक व्यक्ति भन्ठान्थे र तिनीहरुले आफ्नो पापको पश्चाताप गर्नुपर्दैन भन्ठान्थे ।

यूहन्नाले बप्तिस्मा दिइरहेका बेला येशू आउनुभयो र आफूलाई बप्तिस्मा दिन उनलाई आग्रह गर्नुभयो । यूहन्नाले येशूलाई बप्तिस्मा दिन चाहेनन् किनभने उनले येशूलाई बप्तिस्मा दिनको निम्ति आफू अयोग्य भएको ठान्थे । तर येशूले यूहन्नालाई कर गर्नुभयो । अनि उहाँ यूहन्नासँगै यर्दन नदीको पानीमा प्रवेश गर्नुभयो । जब येशू पानीबाट निस्कनुभयो, तब पवित्र आत्मा ढुकुरको रुपमा स्वर्गबाट उहाँमाथि ओर्लनुभयो । अनि स्वर्गबाट ठूलो स्वरमा “यिनी मेरा पुत्र हुन्, जससँग म खुसी छु” भन्ने आवाज आयो ।

त्यसपछि शैतानबाट परीक्षित हुनको लागि पवित्र आत्माले उहाँलाई उजाड स्थानमा लानुभयो । उहाँ ४० दिन, ४० रात उपवास बस्नुभयो । ४० दिनपछि उहाँ भोकाउनुभयो । त्यही समयमा, उहाँलाई परीक्षामा पार्नलाई शैतान आयो ।



प्रभु येशूले उजाड स्थानमा भोग्नुभएका तीनवटा परीक्षाहरुलाई बाइबलले उल्लेख गर्दछ । पहिलो परीक्षामा, शैतानले येशूलाई ढुङ्गालाई रोटी बनाएर आफूलाई परमेश्वरको पुत्र भनी प्रमाणित गर्न लगायो । येशूले त्यसलाई परमेश्वरको वचनद्वारा जवाफ दिनुभयो । दोस्रो परीक्षामा, शैतानले उहाँलाई मन्दिरको टुप्पामा लग्यो र त्यहाँबाट हामफालेर आफूलाई परमेश्वर भनी प्रमाणित गर्न लगायो । फेरि उहाँले परमेश्वरको वचनद्वारा त्यसलाई जवाफ दिनुभयो । अन्त्यमा, शैतानले उहाँलाई अग्लो पहाडमा लग्यो र यसो भन्यो, “तपाईले मलाई घोप्टेर दण्डवत गर्नुभयो भने, यी सबैथोक म तपाईलाई दिनेछु ।” येशूले त्यसलाई यसरी जवाफ दिनुभयो, “तैले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत गर्नु र उहाँको मात्र सेवा गर्नु ।” त्यसपछि शैतान (दियाबलस) उहाँलाई छोडेर गयो र स्वर्गदूतहरुले आएर उहाँको सेवा टहल गरे ।

उहाँ उजाड स्थानबाट फर्किनुभएपछि, बप्तिस्मा दिने यूहन्नालाई झ्यालखानामा हालिएको कुरा उहाँले थाहा पाउनुभयो । त्यसपछि उहाँ आफ्नो जन्मस्थान नासरतलाई छोडेर यहूदीयाको उत्तरी प्रदेश गालीलमा जानुभयो र कफर्नहुममा जानुभयो । अनि यशैया भविष्यवक्ताले भनेका वचन यसरी पूरा भयो, “जबुलुनको मुलुक र नाप्तालीको मुलुक, यर्दनपारी, समुद्रतिर अन्यजातिहरुको गालील अन्धकारमा बस्ने मानिसहरुका लागि एउटा ज्योति उदाएको छ ।”

येशूले यही शहरबाट नै मानिसहरुको बीचमा आफ्नो सेवकायी शुरु गर्नुभयो भनी बाइबलले हामीलाई बताउँदछ । “पश्चाताप गर, परमेश्वरको राज्य नजिक आएको छ” भन्ने वचन उहाँले प्रचार गर्नुहुन्थ्यो ।

## मौखिक प्रश्नहरु

१. बप्तिस्मा दिने यूहन्नाको बारेमा व्याख्या गर्नुहोस् ।

२. बप्तिस्मा दिने यूहन्नाको सन्देश के थियो ?

३. आफ्ना पाप स्वीकार गर्नेहरुलाई बप्तिस्मा दिने यूहन्नाले के गर्थे ?

४. बप्तिस्मा दिने यूहन्नाले येशूलाई किन बप्तिस्मा दिन चाहेनन् ?

५. येशूले कसरी बप्तिस्मा लिनुभयो ?

६. येशू पानीबाट बाहिर निस्कनुहुँदा के भयो ?

७. येशू किन उजाड स्थानमा जानुभयो ?

८. ४० दिन र ४० रातसम्म येशूले के गर्नुभयो ?

९. शैतान (दियाबलस) को परीक्षाहरुमध्ये एउटा चाहिँ के थियो ?

१०. उहाँ परीक्षित भइसक्नुभएपछि उहाँको सेवा टहल गर्न को आए ?

११. बप्तिस्मा दिने यूहन्ना झ्यालखानामा छन् भन्ने थाहा पाएपछि येशू कहाँ जानुभयो ?

१२. येशूको सन्देश के थियो ? यही सन्देश कसले प्रचार गरेका थिए ?

# आत्मिक सत्यताहरु

## (मत्ती ३–४)

**१. बप्तिस्मा दिने यूहन्ना र येशूको सन्देश एउटै थियो : "पश्चाताप गर किनभने परमेश्वरको राज्य नजिक आएको छ।"**

- पश्चातापको अर्थ हाम्रो जीवनमा भएको पापबाट फर्कनु हो। यसको अर्थ तपाईको जीवनलाई पूर्ण रुपमा येशू ख्रीष्ट समक्ष सुम्पनु हो।
- उहाँको व्यवस्था र उहाँप्रति आज्ञाकारी नहुनु नै पाप हो।

**के एउटा व्यक्तिको लागि पश्चाताप गर्नु ज्यादै अप्ठ्यारो कार्य हो ? यो शब्दले तपाईलाई के अर्थ दिन्छ ?**

***समूहका सबै सदस्यहरु मिलेर यस विषयमा छलफल गर्नुहोस्। प्रत्येकलाई आफ्नो विचार व्यक्त गर्ने अवसर दिनुहोस्।***

**२. धार्मिक अगुवाहरुले आफ्नो धार्मिकताको कारण आफ्नो पापको पश्चाताप गर्नु आवश्यक छैन भन्ने सोच्दछन्। उनीहरुले आफू अत्यन्तै असल भएको ठान्दछन्। यस्ता व्यक्तिहरुलाई बप्तिस्मा दिने यूहन्नाले "सर्पका बच्चाहरु" भन्दछन्। के संसारमा त्यस्तो कुनै धार्मिक व्यक्ति छ जसले आफ्नो पापको पश्चाताप गर्नुपर्दैन।**

**रोमी ३:२३ मा बाइबलले यसो भन्दछ, "सबैले पाप गरेका छन् र परमेश्वरको महिमारहित हुन गएका छन्।"**

**के संसारमा यस्तो कुनै व्यक्ति छ जसले आफ्नो जीवनमा पाप गरेको छैन ? के त्यहाँ यस्तो कुनै व्यक्ति छ जसले व्यवहारसम्बन्धी परमेश्वरको स्तरलाई अवज्ञा गरेको छैन ? बाइबलले भन्दछ, त्यस्तो कुनै व्यक्ति छैन, सबैले पाप गरेका छन्। हामी सबैले पाप गरेको छौं भन्ने बाइबलको भनाइसँग के तपाई सहमत हुनुहुन्छ ? यो विषयबारेको परमेश्वरको वचनलाई चुनौति दिने अवसर हरेकलाई दिनु अति नै महत्वपूर्ण हुन्छ। एउटा अगुवा भएको कारण, हामीले बहस गर्नुहुँदैन, तर मानिसहरुलाई आफ्नो विचार व्यक्त गर्न दिनुहोस्।**

३. **येशू परमेश्वर हुनुहुन्थ्यो र उहाँले कहिल्यै पाप गर्नुभएन, तैपनि उहाँले बप्तिस्मा लिनुभयो ।**

बप्तिस्माले मानिसको पापलाई हटाउँदैन भन्ने कुरा यसले हामीलाई सिकाउँदछ । बप्तिस्मा लिनुको अर्थ कुनै व्यक्तिलाई पापबाट शुद्ध गराउनु हो भने येशूले बप्तिस्मा लिनु आवश्यक थिएन किनभने उहाँ परमेश्वर हुनुहुन्थ्यो, उहाँले कहिल्यै पाप गर्नुभएन ।

४. येशू पानीबाट बाहिर निस्कनुहुँदा पवित्र आत्मा ढुकुरको रुपमा उहाँमाथि आउनुभयो, अनि परमेश्वर पिताले स्वर्गबाट यसो भन्नुभयो, “यिनी मेरो प्रिय पुत्र हुन्, जससँग म खुसी छु ।” हामीले यहाँ त्रित्व अर्थात् तीनजना व्यक्तित्वहरु देख्दछौं । उहाँहरु को-को हुनुहुन्छ ?

पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वर ।

५. शैतानद्वारा परीक्षित हुनको लागि येशूलाई उजाड स्थानमा लगिएको थियो । शैतान साँच्चै नै अस्तित्वमा छ । त्यो आत्मा हो, जो आफ्ना थुप्रै अनुयायीहरुसँग संसारमा बस्छ जसलाई पिशाच (भूत) भनिन्छ । त्यसले हाम्रो जीवनलाई परमेश्वरको आज्ञा विपरित अगुवाइ गरेर हाम्रो जीवनमा विनाश ल्याउँदछ । येशूलाई परीक्षा गरेजस्तै हामीलाई पनि त्यसले परीक्षामा पार्दछ । बाइबलले सिकाउँदछ कि हामी खीष्टजस्तै छौं र हाम्रा पहिलाकै दुष्ट विचार र परमेश्वरप्रतिको अनाज्ञाकारिताको कारण हामी परीक्षित हुन्छौं ।

६. भविष्यवक्ता यशैयाले भविष्यवाणी गरेका वचन पूरा भयो : येशू समुद्रतिर बस्नुहुनेछ र अन्धकारमा बस्ने मानिसहरुको निम्ति, मृत्युको छाँयामा बाँचिरहेकाहरुको निम्ति उहाँ एउटा ज्योति हुनुहुनेछ ।

हामी, जसले येशूलाई पाएका छैनौं, सबैजना अन्धकारमा नै छौं, तर तपाई वा तपाईले प्रेम गर्नुहुने कुनै व्यक्ति मृत्युको छायाँमुनि जिइरहनुभएको हुन सक्नुहुन्छ । केही मानिसहरुले लागूपदार्थमा लागेका कारण, अरुहरुले अनैतिक सम्बन्धहरुको कारण, र अझै अरुहरुले हिंसाको शिकार भएको कारण आफूलाई त्यहाँ रहेको पाउँदछन् । यो पदले हामीलाई बताउँदछ कि येशू हामी अन्धकारमा रहेकाहरुलाई ज्योति दिनको निम्ति आउनुभयो, र मृत्युको छायाँमुनि बाँचिरहेकाहरुलाई उहाँले मुक्ति दिन सक्नुहुन्छ ।

- आजको हाम्रो प्रार्थनाको समयमा, आउनुहोस् ती प्रियजनहरुको निम्ति प्रार्थना गरौं जो मृत्युको छायाँमुनि बाँचिरहेका छन् । तिनीहरुले येशू खीष्टमा ज्योति र मुक्ति पाउन सकून् ।

## पाठ ३

# येशूले गर्नुभएका आश्चर्यकर्महरू

**(मत्ती ४–९)**

**“मेरोपछि लाग र म तिमीहरुलाई मानिसहरुका जालहारी तुल्याउनेछु ।”**

**– मत्ती ४:१९**

## पुनरावलोकन

१. येशूको आगमनको बारेमा योसेफलाई कसले बताए र उहाँको नाउँ “इम्मानुएल” वा “परमेश्वर हामीसित” हुनेथियो भनी कसले भने ? यसले हामीलाई येशू . . . . . . हामीसित हुनुहुन्छ भन्ने बताउँदछ ।

२. येशूलाई कसले मार्न चाहन्थ्यो ? र किन ?

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

३. येशूलाई कसले बप्तिस्मा दिए ? उहाँले बप्तिस्मा लिनुभएको सत्यताले बप्तिस्माको उद्देश्य हाम्रो जीवनमा भएको . . . . .लाई सफा गर्नु होइन भन्ने सिकाउँदछ ।

४. येशू पानीबाट बाहिर निस्कनुहुँदा स्वर्गबाट केही चिज उहाँमाथि आयो र एउटा आवाज पनि स्वर्गबाट बोलिएको थियो । ढुकुरजस्तो व्यक्ति को हुनुहुन्थ्यो र स्वर्गबाट बोलिएको आवाज कसको थियो ?

५. फरिसीहरुले विचार गर्दथे कि उनीहरु धेरै धर्मी भएका कारण उनीहरुले आफ्नो पापको पश्चाताप गर्नुपर्दैनथ्यो । के कुनै व्यक्ति धेरै धर्मी भएको कारण उसले आफ्नो पापको पश्चाताप गर्नुपर्दैन ? के कुनै व्यक्तिको धार्मिकताले उसको पापलाई पखाल्न सक्दछ ?

६. “पश्चाताप” शब्दको अर्थ के हो ?

७. पाप के हो ?

८. येशूलाई उजाड स्थानमा कसले परीक्षा गऱ्यो ?

९. उजाड स्थानबाट आउनुभएपछि उहाँ कहाँ जानुभयो ?

येशू गालीलको समुद्रतिर जाँदै गर्नुहुँदा, उहाँ दुईजना माछा मार्ने जालहारी कहाँ पुग्नुभयो । उहाँले तिनीहरुलाई बोलाउनुभयो र भन्नुभयो, "मेरोपछि लाग र म तिमीहरुलाई मानिसहरुका जालहारी तुल्याउनेछु ।" अनि तुरुन्तै आफ्ना जालहरु त्यहीँ छोडेर तिनीहरु उहाँको पछि लागे । त्यो दिन उहाँले पहिलो ४ जना चेलाहरुलाई बोलाउनुभयो : पत्रुस, अन्द्रियास, याकूब र यूहन्ना । तिनीहरु सबै माछा मार्ने जालहारी थिए ।

त्यसपछि मानिसहरुमा भएको सबै प्रकारका रोग र बिमारीहरु निको पार्दै परमेश्वरको राज्यको बारेमा प्रचार गर्दै, सभाघरहरुमा सिकाउँदै येशू गालीलका सबै प्रदेशहरुमा जानुभयो । उहाँ जहाँ-जहाँ जानुभयो, त्यहाँ-त्यहाँ ठूलो भिड उहाँको पछि लाग्यो ।

एकजना कुष्ठ रोगी उहाँलाई आराधना गर्न उहाँकहाँ आयो । उसले येशूलाई बोलायो र यसो भन्यो, "प्रभु यदि तपाईले चाहनुभयो भने मलाई शुद्ध गर्न सक्नुहुन्छ ।" येशूले जवाफ दिनुभयो, "म इच्छा गर्दछु कि तिमी शुद्ध भइजाऊ ।" त्यति नै बेला त्यो कोरी शुद्ध भयो ।

रोमी सैनिकका कप्तान येशूकहाँ आयो । यो मानिस पक्षघाती रोग लागेको आफ्नो नोकरलाई चङ्गाइ दिनुहोस् भनी उहाँलाई भन्न आएको थियो । येशूको शक्तिले उसको नोकरलाई निको पार्छ भनी उसले विश्वास गऱ्यो । येशूले त्यसलाई भन्नुभयो कि स्वर्गको राज्य सबै जातिहरुको निम्ति हो, तिनीहरुले सँगसँगै भोजन गर्नेछन् । अनि त्यही घडी नै उसको नोकर निको भयो ।

त्यसपछि, दुष्ट आत्माले ग्रस्त पारिएका दुईजना व्यक्ति समुद्रको अर्को छेउमा थिए । तिनीहरु बलिया थिए, कसैले पनि तिनीहरुलाई पक्रन सक्दैनथ्यो र तिनीहरु चिहानतिर बस्दथे ।

जब तिनीहरुले येशूलाई देखे, तब चिच्याएर भने, "हे परमेश्वरका पुत्र, तपाईको हामीहरुसँग के सरोकार ? हाम्रो समय नपुगी हामीहरुलाई कष्ट दिन तपाई यहाँ आउनुभएको हो ?"

तिनीहरुदेखि केही टाढा धेरै सुँगुरहरुको एक बथान चरिरहेको थियो । भूतहरुले येशूलाई यसो भनेर बिन्ती गरे, यदि तपाईले हामीलाई निकाल्नुहुन्छ भने हामीलाई सुँगुरको बथानमा पठाइदिनुहोस् । येशूले तिनीहरुलाई भन्नुभयो, "जाओ", तब उनीहरु मानिसहरुबाट निस्केर सुँगरहरुमा पसे र सुँगुरको जम्मै बथान हुर्रिंदै भीरबाट खसेर पानीमा डुबी मरे ।



सुँगुर चराउनेहरु भागेर शहरमा गए र ती भूत लागेकाहरुलाई के भयो भन्नेबारे सबै कुरा सुनाइदिए । तब सबै शहर नै येशूलाई भेट्न उल्टेर आयो र उहाँलाई देखेर मानिसहरुले तिनीहरुको इलाकाबाट जानुहोस् भनी उहाँलाई बिन्ती गरे ।

त्यसपछि येशू डुङ्गामा चढेर पारी जानुभयो र उहाँको आफ्नो शहरमा आउनुभयो । येशू त्यहाँबाट जानुहुँदा मत्ती भन्ने एउटा मानिसलाई कर उठाउने अड्डामा बसिरहेको देख्नुभयो र तिनलाई भन्नुभयो, "मेरोपछि लाग ।" अनि तिनी उठेर उहाँको पछि लागे ।

उहाँ खान बस्नुभएको बेला धेरै कर उठाउनेहरु र पापीहरु आएर येशू र उहाँका चेलाहरुसँग खान बसे । जब फरिसीहरुले त्यो देखे, तब उहाँका चेलाहरुलाई भने, "किन तिमीहरुका गुरु कर उठाउनेहरु र पापीहरुसँग खान्छन् ?"

यो सुनेर उहाँले तिनीहरुलाई भन्नुभयो, "निरोगीहरुलाई वैद्यको आवश्यकता हुँदैन, तर रोगीहरुलाई हुन्छ । तर यसको अर्थ के हो तिमीहरु गएर सिक, म बलिदान होइन क्षमा चाहन्छु । किनकि म धर्मीहरुलाई होइन पापीहरुलाई बोलाउन आएँ ता कि उनीहरुले पश्चाताप गरुन् ।"

## मौखिक प्रश्नहरु

१. येशूका प्रथम चेलाहरुको व्यवसाय के थियो ?

२. येशूले "मेरोपछि लाग" भन्नुहुँदा, तिनीहरुले के गरे ?

३. येशू गालीलको सबै भागमा जाँदै हुनुहुन्थ्यो र ठूलो भीड उहाँको पछि लागेको थियो, उहाँले के गर्नुभएको कारण सबैले उहाँमाथि ध्यान केन्द्रित गरेका थिए ?

४. मत्तीको पुस्तकमा उल्लेख गरिएको चङ्गाइको पहिलो घट्ना कुन थियो ?

५. रोमी अधिकारीको नोकरको समस्या के थियो ?

६. भूत लागेका मानिसहरु कहाँ बस्दथे ? ती कस्ता प्रकारका मानिसहरु थिए ?

७. येशूलाई देखेपछि भूत आत्माहरुले के गरे ?

८. ती मानिसहरुबाट निस्केपछि दुष्ट आत्माहरुलाई के भयो ?

९. सुँगुरहरुलाई के भयो ?

१०. सुँगुर चराउनेहरुले के गरे ?

११. मत्तीले के काम गर्दथे ?

१२. कस्ता मानिसहरुसँग येशूले भोजन गर्नुभयो ?

१३. यो देखेर फरिसीहरुले के गरे ?

१४. येशूले फरिसीहरुलाई के जवाफ दिनुभयो ?

# आत्मिक सत्यताहरू

## (मत्ती ४-९)

१. येशूले मानिसहरुबीच किन कुनै भेदभाव गर्नुभएन ।

- येशूका प्रथम चेलाहरु कुनै औपचारिक शिक्षा नपाएका साधारण मानिसहरु थिए ।
- कुष्ठ रोग लागेको व्यक्तिलाई समाजबाट निकालिएको थियो किनकि उसको शरीर कुरुप भएको थियो र मानिसहरुले उसलाई घृणा गर्दथे ।
- रोमी कप्तानको नोकर दुर्बल व्यक्ति थियो, उसँग न त रुपैयाँ पैसा थियो, न त समाजमा इज्जत नै थियो ।
- मत्ती कर उठाउने व्यक्ति थिए, तर दुष्ट र भ्रष्ट थिए ।
- शहरका बासिन्दाहरुले भूत आत्माले ग्रस्त भएका व्यक्तिहरुलाई घृणा गर्दथे । उनीहरु निकोहोऊन् भन्नुभन्दा बढी आफ्ना सुँगुरहरु नै स्वस्थ्य होऊन् भन्ने तिनीहरुले चाहन्थे । तिनीहरु चिहानतिर बस्दथे ।
- **तर यी सबै व्यक्तिहरु येशूको लागि महत्वपूर्ण र मूल्यवान थिए । परमेश्वरको दृष्टिमा तपाई योग्य र मूल्यवान हुनुहुन्छ । परमेश्वरको अगाडि तपाईको बितेको समय, धन, सौन्दर्य र समाजमा रहेको तपाईको स्थानको केही अर्थ हुँदैन ।**

२. येशूसँग हाम्रा रोगहरु निको पार्ने शक्ति छ । यस कथामा मानिसहरुको चङ्गाइको बारेमा कुन-कुन उदाहरण दिइएको छ ?

३. उहाँमा भूत आत्माहरुमाथि अधिकार गर्ने शक्ति छ । कति मानिसहरु भूतहरु वा दुष्ट आत्माहरुले ग्रस्त हुन्छन्, धेरै जसो चाहिँ तिनीहरुले असल काम गर्ने कोशिस गरिरहेका कारण त्यसो हुन्छ । तर आफूलाई के भएको थियो भन्ने कुरा तिनीहरुले थाहा पाउनुभन्दा अगाडि नै ती भूत आत्माहरुले तिनीहरुको जीवनमा अधिकार जमाएका हुन्छन् । ती आत्माहरुले तिनीहरुलाई समातिसकेपछि वा आक्रमण गरिसकेपछि कहिल्यै पनि एक्लै छोड्दैनन् । तिनीहरुसँग दुष्ट आत्माहरुलाई उनीहरुको जीवनबाट

निकाल्ने शक्ति हुँदैन । **येशूसँग संसारमा भएका सबै आत्माहरु र दुष्ट आत्माहरुमाथि अधिकार गर्ने शक्ति छ । येशूद्वारा मात्रै हामीले दुष्ट आत्माहरुबाट छुट्कारा पाउन सक्दछौं ।**

४. येशूले पापी मानिसहरुलाई प्रेम गर्नुहुन्छ । उहाँले सबै पापीहरुलाई ग्रहण गर्नुहुन्छ । येशूले मानिसहरुलाई सजायँ दिन चाहनुहुन्न तर उहाँले हरेक व्यक्तिले पश्चाताप गरोस् र साँचो क्षमादान पाओस् भन्ने चाहनुहुन्छ ।

५. फरिसीहरु वा धार्मिक मानिसहरुले तिनीहरुको पापको पश्चाताप गरेन्न र तिनीहरुले येशूसँग भोजन गर्नेहरुभन्दा आफूलाई असल ठान्दथे । कुन चाहिँ असल हो : पश्चाताप गरेर क्षमा पाएको ठूलो पापी वा पश्चाताप गर्न नमान्ने सानो पापी ?

- **ठूलो पापीले आफ्नो पाप स्वीकार गरेर क्षमा पाएको छ भने, यो ज्यादै असल हुन्छ ।**

हामी जस्ता छौं त्यस्तै अवस्थामा येशूले हामीलाई प्रेम गर्नुहुन्छ र ग्रहण गर्नुहुन्छ । हामी चाहे भयानक पापी हौं, चाहे गरीब हौं, चाहे अशिक्षित हौं, चाहे हामीसँग धेरै समस्याहरु होस् वा हामी बिरामी हौं, यी कुराहरुले येशूलाई कुनै फरक पार्दैनन् । उहाँको दृष्टिमा हामी सबै बराबर छौं । हामीहरुको लागि महत्वपूर्ण कुरा चाहिँ पश्चाताप गर्नु र उहाँलाई पछ्याउनु हो ।

**पाठ ४**

# येशूका शिक्षाहरू

**(मत्ती १०–१६)**

**"म बलिदान होइन, दया चाहन्छु ।" मत्ती १२:७**

## पुनरावलोकन

१. . . . . . . . . नाम भएकी यहूदी स्त्रीको कोखबाट येशू जन्मिनुभयो ।

२. . . . . . . . . लाई पछ्याएको कारण पूर्वबाट आएका ज्ञानी मानिसहरुले येशूलाई भेट्न सके ।

३. ज्योतिषीहरु हेरोदको दरवारमा फर्केर गएनन् किनभने तिनीहरुले परमेश्वरबाट. . . . . . मा अर्को बाटो फर्कनु भन्ने चेतावनी पाए ।

४. बप्तिस्मा दिने यूहन्ना उजाड स्थानमा बस्थे र प्रचार गर्थे अनि आफ्नो पापको पश्चाताप गर्नेलाई . . . . . दिन्थे ।

५. पश्चातापको अर्थ के हो ?

६. येशूले बप्तिस्मा लिनुहुँदा, ढुकुरको रुपमा . . . . . . . पृथ्वीमा ओर्लनुभयो र स्वर्गबाट एउटा आवाज आयो । यसले हामीलाई परमेश्वरको तीनवटा व्यक्तित्वको बारेमा बताउँदछ जो . . . . . परमेश्वर, . . . परमेश्वर, . . . . . परमेश्वर हुनुहुन्छ, जसलाई हामीले त्रिएक परमेश्वर भन्दछौ ।

७. उजाड स्थानमा, येशू . . . . . . . .द्वारा परीक्षित हुनुभयो ।

८. येशूका प्रथम चेलाहरुको व्यवसाय . . . . . . . थियो ।

९. भूत आत्माले सताइएका दुईजना व्यक्तिहरुलाई येशूले भेट्नुभयो, येशूले ती मानिसहरुलाई कसरी सहायता गर्नुभयो ? येशूले गर्नुभएको काममा त्यहाँका बासिन्दाहरुले कस्तो प्रतिक्रिया देखाए ?

१०. येशूले कस्तो प्रकारका मानिसहरुसँग बसेर खानुभएको कारण फरिसीहरुले येशूको आलोचना गरे ?

१०. पाप क्षमा नगरिएको सानो पापी हुनु असल हो कि पश्चाताप गरेको ठूलो पापी हुनु असल हो ?

येशूले १२ जनालाई उहाँका चेला हुनलाई बोलाउनुभयो । यसको अर्थ उहाँसँग नजिक हुनु र उहाँसँग सिक्नु हो । ती १२ जनालाई उहाँले दुष्ट आत्मामाथि अधिकार गर्ने र सबै प्रकारका रोगहरु निको पार्ने अधिकार दिनुभयो । उहाँले तिनीहरुलाई भन्नुभयो, "तिमीहरुले प्राप्त गरेको मुक्ति, स्वतन्त्रता अरुलाई पनि दिनुपर्छ ।" पठाइएका १२ जनामध्ये यहूदा स्करयोती पनि थियो ।

उहाँले ती १२ जनालाई इस्राएल देशको हरेक कुनामा गएर यहूदीहरुलाई "पश्चाताप गर र येशू ख्रीष्टमा विश्वास गर" भनी प्रचार गर्न पठाउनुभयो । येशूले तिनीहरुलाई एउटा वचन दिनुभयो, "यसकारण हरेक जसले मानिसहरुका सामु मलाई स्वीकार गर्छ म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु, तर हरेक जसले मलाई मानिसहरुका सामुन्ने इन्कार गर्छ म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने इन्कार गर्नेछु ।"

अनि येशू आफै पनि गालीलको वरिपरी प्रचार गर्दै सिकाउँदै र हरेक किसिमका रोगहरु निको पार्दै हिँड्नुभयो । तर उहाँसँग धेरै समय बिताउने गालीलका मानिसहरुले उहाँको वचनलाई इन्कार गरे । उहाँले सार्वजनिक सेवकायी शुरु गर्नुभएको कफर्नहुममा पनि उहाँलाई इन्कार गरियो । यस्तो देखेर उहाँले बिना शङ्का यसरी प्रार्थना गर्नुभयो :

"हे पिता, स्वर्ग र पृथ्वीका प्रभु, म तपाईमा धन्यवाद चढाउँछु, किनकि तपाईले यी कुरा बुद्धिमान र समझदारबाट गोप्य राख्नुभयो तर बालकहरुलाई ती प्रकट गर्नुभयो । हे पिता किनकि तपाईलाई यही असल लाग्यो । मेरा पिताले सबै थोक मलाई सुम्पिदिनुभएको छ । पिताबाहेक पुत्रलाई कसैले चिन्दैन र पुत्रबाहेक पितालाई कसैले चिन्दैन र अनि तिनीहरुले पनि चिन्दछन् जसलाई पुत्रले पिता प्रकट गरिदिने इच्छा गर्नुहुन्छ । हे सबै थाकेका र बोझले दबेका हो मकहाँ आओ म तिमीहरुलाई विश्राम दिनेछु । मेरो जुवा आफूमाथि लेओ र मसँग सिक किनभने म विनयी र कोमल हृदयको छु। अनि तिमीहरुले आफ्नो आत्मामा विश्वास पाउनेछौ । किनकि मेरो जुवा सजिलो र मेरो भारी हलुका छ ।"



यी कुरा भनिसकेपछि येशू आफ्ना चेलाहरुसँग अन्नका खेतबाट भएर जाँदै हुनुहुन्थ्यो र त्यो दिन विश्रामको दिन थियो । उहाँका चेलाहरु भोकाएका थिए र तिनीहरुले अन्नका बाला टिप्दै खान लागे ।

फरिसीहरुले यो देखेर तिनीहरुलाई दोष लगाउन खोजे किनभने विश्रामको दिनमा यसो गर्नु भनेको यहूदी व्यवस्थाको विरुद्धमा थियो । येशूले तिनीहरुलाई यसरी जवाफ दिनुभयो कि तिनीहरुले परमेश्वरको व्यवस्था बुझेका थिएनन् किनकि धर्मशास्त्र बाइबलले यसो भन्दछ, "म बलिदान होइन, दया चाहन्छु ।"

त्यहाँबाट (गहूँ भएको खेतबाट) निस्केर येशू र उहाँका चेलाहरु यहूदीहरुको सभाघरमा जानुभयो । त्यहाँ उहाँले एउटा हात सुकेको मानिसलाई भेट्नुभयो । उहाँले त्यस मानिसलाई भन्नुभयो । तिम्रो हात पसार अनि त्यसले हात पसाऱ्यो र प्रभुले त्यसलाई निको पार्नुभयो, त्यो विश्रामको दिन थियो ।

फरिसीहरुले बाहिर गएर उहाँलाई कसरी नाश गरौं भनेर उहाँको विरुद्धमा मतो गर्न लागे र तिनीहरुको योजना थाहा पाएर येशू त्यहाँबाट गैहाल्नुभयो । तर धेरैजना उहाँकोपछि लागे र उहाँले सबैलाई निको पार्नुभयो र उहाँ को हुनुहुन्छ सो कसैलाई नबताउन तिनीहरुलाई चेतावनी दिनुभयो ।

अझै निरन्तर रुपमा येशूले त्यस ठाउँमा मानिसहरुलाई शिक्षा दिँदै र रोगहरु निको पार्दै हिँड्नुभयो । धेरै मानिसहरुले उहाँलाई पछ्याएका थिए । त्यसबेला मानिसहरु खाना समेत नखाइ उजाड स्थानमा बसेर उहाँको वचन सुन्दथे । दुई पटकसम्म येशूले सातभन्दा कम रोटी र केही माछाले चार हजारभन्दा बढी मानिसहरुलाई खुवाउनुभयो ।

गालीलमा सेवकायी गर्दै गर्दा येशूले आफ्ना अनुयायीहरुलाई आफू छिट्टै यरुशलेम जाने कुरा र त्यहाँ हुने दुःखद कुराहरु भन्नुभयो । यहूदी अगुवाहरुको

हातबाट उहाँले भोग्नुपर्ने दुःखको बारेमा उहाँले तिनीहरुलाई भन्नुभयो । उहाँ मारिएर तेस्रो दिनमा बौरी उठ्नुहुने कुरा पनि उहाँले घोषणा गर्नुभयो ।

## मौखिक प्रश्नहरु

१. येशूले आफ्ना चेलाहरुलाई दिनुभएको काम के थियो ?

२. येशूले मानिसहरुको सामु उहाँलाई स्वीकार गर्नेहरुलाई के भन्नुभयो र मानिसहरुको सामु उहाँलाई इन्कार गर्नेहरुलाई के भन्नुभयो ?

३. कफर्नहुम तथा गालीलमा, जहाँ येशूले धेरै अचम्मका कामहरु गर्नुभएको थियो, येशूको सन्देशप्रति मानिसहरुको प्रतिक्रिया कस्तो थियो ?

४. उहाँले थाकेका र बोझले दबिएकाहरुलाई उहाँकहाँ बोलाउनुभयो । ती मानिसहरुको लागि उहाँले के प्रतिज्ञा गर्नुभएको छ ?

५. येशू र उहाँका चेलाहरु गहुँ भएको खेतमा किन रोकिनुभयो ?

६. गहुँको बाला टिपेर खाएको कारण फरिसीहरुले किन येशूको आलोचना गरे ?

७. हात सुकेको मानिसलाई निको पार्दा फरिसीहरु किन येशूको विरुद्धमा उठे ?

८. फरिसीहरुले मतो गर्नुको उद्देश्य के थियो ?

९. येशूले आफ्ना चेलाहरुलाई के-के कुराहरु हुनेछन् भनी भन्नुभयो ? उहाँले भविष्यवाणी गर्नुभएको कुरा के थियो ?

# आत्मिक सत्यताहरु

## मत्ती १०-१६

१. जसले मानिसको सामु येशूलाई स्वीकार गर्छ, उहाँले त्यसलाई आफ्नो पिताको सामुन्ने स्वीकार गर्नुहुनेछ । तर जसले उहाँलाई मानिसहरुको सामु इन्कार गर्छ, उहाँले त्यसलाई आफ्नो पिताको सामुन्ने इन्कार गर्नुहुनेछ ।

२. धेरै मानिसहरु उहाँबाट आश्चर्यकर्म पाउनको लागि मात्र येशूकोपछि लाग्थे तर तिनीहरुले उहाँसँग सम्बन्ध राख्न चाहदैनथे, उहाँको वचनलाई पालन गर्न पनि चाहदैनथे, आफ्नो पापको पश्चाताप गर्न चाहदैनथे । तिनीहरुले परमेश्वरको कृपाको फाइदा मात्र उठाउन चाहन्थे । आज पनि त्यस्ता मानिसहरु थुप्रै छन् । के तपाईले यस्ता केही व्यक्तिहरुलाई चिन्नुहुन्छ ?

३. येशूद्वारा बाहेक पितालाई कसैले पनि चिन्दैन । यदि कसैले पितालाई जान्न चाहन्छ भने येशू ख्रीष्टद्वारा मात्र जान्न सक्दछ । परमेश्वर र हामीबीच येशूबाहेक अरु कोही मध्यस्थकर्ता छैन । परमेश्वर एउटै मात्र हुनुहुन्छ र उहाँकहाँ पुग्नलाई एउटै मात्र बाटो छ र बाइबलले हामीलाई त्यो बाटो येशू ख्रीष्ट हुनुहुन्छ भनेर सिकाउँदछ ।

- **तपाईलाई येशूबाहेक अरु कुनै मध्यस्थकर्ताद्वारा परमेश्वरसँग प्रार्थना गर्ने तरिका सिकाइएको हुन सक्दछ । त्यो अर्को मध्यस्थकर्ता को हो ? के तिनीहरु ईश्वर, भविष्यवक्ता र विगतका असल मानिसहरु थिए ? बाइबलले सिकाउँदछ कि तिनीहरु असल व्यक्ति होलान् तर परमेश्वर होइनन् । परमेश्वर र मानिसको बीचमा मध्यस्थकर्ता हुने एउटै मात्र व्यक्ति येशू ख्रीष्ट हुनुहुन्छ भन्ने बाइबलको शिक्षासँग के तपाई सहमत हुनुहुन्छ ?**

४. येशूले हाम्रो चिन्ता र बोझलाई उठाउन चाहनुहुन्छ । उहाँ नम्र र दयालु हृदयको हुनुहुन्छ र उहाँले हामीलाई हाम्रा बोझहरु र दुःखहरुबाट छुट्कारा

दिन चाहनुहुन्छ । यदि हामीले उहाँलाई प्रभु भनी स्वीकार गर्छौं र उहाँको जुवा उठाउँछौं भने, उहाँले हामीलाई आत्मामा विश्वास दिनुहुनेछ ।

५. येशू ख्रीष्टले हाम्रो भौतिक आवश्यकताको वास्ता गर्नुहुन्छ । चेलाहरु भोकाएको बेला उहाँले फरिसीहरुबाट सतावट हुन्छ भन्ने जानेर पनि उनीहरुका लागि खानाको बन्दोबस्त गर्नुभयो । उहाँ सृष्टिकर्ता परमेश्वर हुनुभएको कारण उहाँले हाम्रो भौतिक आवश्यकताप्रति फिक्री गर्नुहुन्छ ।

**"म बलिदान होइन, दया चाहन्छु ।"** तपाईले बलिदानको अर्थ के बुझ्नुहुन्छ ? के तपाईलाई धार्मिक अगुवाहरुले पापको क्षमा पाउनको लागि परमेश्वरलाई बलिदान चढाउनुपर्छ भनी सिकाएका छन् ? परमेश्वरले बलिदान चाहनुहुन्न भन्ने कुरा विश्वास गर्न के तपाईलाई अप्ठ्यारो छ ? परमेश्वर मानिसको बलिदानमा खुसी हुनुहुन्न । धेरै धार्मिक मानिसहरुलाई यो सत्यलाई विश्वास गर्न निकै कठिन हुन्छ । परमेश्वरलाई खुसी पार्नको लागि र उहाँको क्रोधबाट बच्नको लागि केही न केही गर्नुपर्छ भनी सबै धर्मले हामीलाई सिकाउँदछन् । परमेश्वरको भक्ति गर्न वा पापको क्षमा पाउन धेरै व्यक्तिले निकै कठिन कार्य गरेका हुन्छन् तर परमेश्वरले यस्तो कार्य चाहनुहुन्न । उहाँले हामीसाग सम्बन्ध गाँस्न चाहनुहुन्छ । उहाँले हाम्रो बलिदान चाहनुहुन्न, तर दया देखाउनुहुन्छ । **येशू ख्रीष्टलाई आफूले धेरै दुःख भोग्नुपर्छ र त्यसपछि मर्नुपर्छ भन्ने थाहा थियो । तर तीन दिनपछि उहाँ मृत्युबाट जीवित हुनुहुनेथियो ।** यो सबै परमेश्वरको योजना थियो । उहाँले यी कुरा आफ्नो चेलाहरुलाई भन्दै हुनुहुन्थ्यो, तर उहाँ किन मर्नैपर्छ र पुनरुत्थान हुनैपर्छ भन्ने कुरा उनीहरुले बुझ्न सकेनन् ।

- अन्तिम ३ वटा पाठहरुमा, हामीले ख्रीष्ट येशूको मृत्यु र पुनरुत्थानको महत्वको बारेमा बुझ्ने प्रयत्न गर्नेछौं । यो अलौकिक घटनाले संसारको इतिहास सधैंको लागि परिवर्तन गरिदिएको छ । यस घटनामा पापको दासत्वबाट छुटकारा दिने र हाम्रो जीवनलाई परिवर्तन गर्ने शक्ति छ भन्ने कुरा हामीले सिक्नेछौं ।

## पाठ ५

# येशूलाई गरिएको विश्वासघात

**(मत्ती २०–२६)**

**"यरुशलेमतिर जाँदै गर्नुहुँदा येशूले बाह्र चेलाहरुलाई अलग गर्नुभयो र बाटोमा तिनीहरुलाई भन्नुभयो, 'हेर हामी यरुशलेमतिर जाँदैछौं । अब मानिसको पुत्र मुख्य पूजाहारीहरु र शास्त्रीहरुको हातमा सुम्पिइनेछ र तिनीहरुले उसलाई मृत्युदण्डको दोषी ठहऱ्याउनेछन् । उसलाई गिल्ला गर्न, कोर्रा लगाउन र क्रुसमा टाँग्न भनी तिनीहरुले उसलाई अन्यजातिहरुको हातमा सुम्पनेछन् र तेस्रो दिनमा ऊ जीवित उठ्नेछ ।'"**

**– मत्ती २०:१७–१९**

## पुनरावलोकन

१. . . . . . . . . . नाम भएकी कन्याको कोखबाट येशू जन्मनुभएको थियो ।

२. परमेश्वरले . . . . . . लाई सपनामा मिश्रतर्फ जानु भन्ने दर्शन दिनुभयो किनभने हेरोद राजाले बालक येशूलाई . . . . . . . .मार्न चाहन्थ्यो ।

३. बप्तिस्मा दिने यूहन्ना उजाड स्थानमा बस्थे र प्रचार गर्दथे, जस-जसले आफ्नो पापको . . . . . गर्थे, उनले तिनीहरुलाई बप्तिस्मा दिन्थे ।

४. येशूले कुनै . . . . . गर्नुभएन, तर उहाँले आफूलाई बप्तिस्मा दिन यूहन्नालाई आग्रह गर्नुभयो ।

५. "पश्चाताप" शब्दको अर्थ के हो ?

६. येशूले बप्तिस्मा लिनुभएपछि, ढुकुरको रुपमा . . . . . उहाँमाथि आउनुभयो र स्वर्गबाट परमेश्वरले यसो भन्नुभयो, "यिनी मेरा . . . . हुन् जससँग म खुसी छु ।

७. येशू उजाड स्थानमा . . . . . . . द्वारा परीक्षित हुनुभयो ।

८. . . . . . . . . . . . द्वारा ग्रसित भएका दुईजना व्यक्तिसँग येशूको भेट भयो । उहाँसँग दुष्ट आत्मामाथि . . . . . . गर्ने शक्ति छ भन्ने कुरा उहाँले देखाउनुभयो ।

९. महापापी भएर पश्चाताप गर्नु वा थोरै पाप गरेर कहिल्यै पनि पश्चाताप नगर्नुमध्ये कुन असल हो ?

१०. येशूले यसरी भन्नुभयो, “यदि तिमीहरुले मानिसहरुको सामु मलाई स्वीकार गर्दछौ भने म तिमीहरुलाई . . . . . . . . . . सामू स्वीकार गर्नेछु ।”

११. कफर्नहुम र गालीलका बासिन्दाहरुले परमेश्वरको वचनलाई . . . . . गरे, तिनीहरु येशूले अचम्मको काम गर्नुहुन्छ भन्ने उद्देश्यले मात्रै उहाँको पछि लागेका थिए ।

१२. तिनीहरुले आफ्नो पापको पश्चाताप गर्न चाहेनन् । फेरि भन्नुहोस्, “पश्चाताप” को अर्थ के हो ?

१३. येशूले भन्नुभयो कि थाकेका र बोझले लादिएकाहरुलाई उहाँले विश्राम दिनुहुन्छ किनभने उहाँको जुवा . . . . . . छ ।

१४. येशूले हात सुकेको व्यक्तिलाई निको पार्नुभएको फरिसीहरुले मन पराएनन् किनभने त्यो दिन . . . . . दिन थियो र . . . . . दिनमा काम गर्नु उनीहरुको व्यवस्थाको विरुद्धमा थियो ।

१५. फरिसीहरुले येशूलाई . . . . .मतो गरे ।

१६. फरिसीहरुले उहाँलाई मार्ने योजना बनाइरहेका छन् भन्ने येशूलाई थाहा थियो तर पनि उहाँले धेरै अचम्मका काम गर्दै दुईवटा . . . . र केही . . . . ले चार हजारभन्दा बढी मानिसहरुलाई खुवाउनुभयो ।

येशू आफ्ना चेलाहरुसँग गालीलबाट यरुशलेमतर्फ जाँदै हुनुहुन्थ्यो । जब उहाँहरु यरुशलेमको नजिक आइपुग्नुभयो र उहाँले भन्नुभयो, “तिमीहरु सामुन्नेको गाउँमा जाओ र त्यहाँ एउटा गधा र त्यसको बछेडो बाँधिराखेको हुनेछ। त्यसलाई यहाँ ल्याओ ।” किनभने त्यो उहाँलाई आवश्यक थियो । येशू त्यस बछेडामाथि बस्नुभयो र यरुशलेममा प्रवेश गर्नुभयो ।



येशू महिमित र विजयसाथ प्रवेश गर्नुभयो । ठूलो भीड सडकको दायाँ बायाँतर्फ जम्मा भएको थियो । येशू शहरमा प्रवेश गर्नुहुन्छ भनेर धेरै मानिसले आफ्ना वस्त्रहरु बाटोमा ओछ्याएका थिए । अरुहरुले खजुरका हाँगा काटेर बाटोमा बिछ्याएका थिए, यसको अर्थ बाटोभरि नै उहाँको आदर र महिमा गरिएको थियो । उहाँको अगिपछि लागेको भीड यसो भन्दै कराए, “दाऊदका पुत्रलाई होसन्ना” ।

यरुशलेमको सारा शहरमा हलचल मच्चियो । शहरमा मानिसहरुले सोध्न लागे, “तिनी को हुन् ?” भीडका मानिसहरुले जवाफ दिए, यिनी गालीलको नासरतबाट आएका भविष्यवक्ता येशू हुन् ।

अनि येशू शहरमा प्रवेश गर्नुभयो र यहूदीहरुको मन्दिरमा जानुभयो । अनि उहाँले मन्दिरमा किनबेच गर्नेहरुलाई धपाउनुभयो र पैसा साट्नेहरुका टेबुल र परेवा बेच्नेहरुका आसन पल्टाइदिनुभयो । उहाँले तिनीहरुलाई भन्नुभयो, “यसो लेखिएको छ, मेरो घर प्रार्थनाको घर कहलाइनेछ । तर तिमीहरुले यसलाई डाँकूहरुको अड्डा बनाएका छौ ।” अन्धा र लङ्गडाहरु उहाँकहाँ मन्दिरमा आए र उहाँले तिनीहरुलाई निको पार्नुभयो ।

तर जब मुख्य पूजाहारीहरु र शास्त्रीहरुले चाहिँ उहाँले गर्नुभएका अचम्मका काम देखे तब तिनीहरु एकै ठाउँमा जम्मा भइ उहाँलाई मार्ने, नाश गर्ने योजना बनाए । तिनीहरुले उहाँलाई कस्तो उपायले मार्न सकिन्छ भनी छलफल गरे । अनि तिनीहरुले निस्तार चाड सकेपछि उहाँलाई पक्रने र मार्ने निर्णय गरे ।

बाह्र चेलाहरुमध्ये एकजना यहूदा इस्करयोती भन्ने चाहिँ मुख्य पूजाहारीहरुकहाँ गयो र त्यसले तिनीहरुलाई भन्यो, ‘यदि मैले उहाँलाई तपाईहरुको हातमा पक्राइदिएँ भने मलाई के दिनुहुन्छ ?’ तिनीहरु सहमत भए र उसलाई चाँदीका तीस सिक्का दिए । त्यसै बखतदेखि यहूदाले उहाँलाई पक्राइदिने अवसर खोज्न थाल्यो । उसले येशूलाई विश्वासघात गर्नसक्ने हप्ता चाहिँ निस्तार चाडको हप्ता हुनगयो ।

येशूको आदेशअनुसार वा उहाँले सिकाउनुभएबमोजिम चेलाहरुले निस्तार चाडको प्रबन्ध गरे । साँझ भएपछि उहाँ बाह्रै चेलाहरुसँग खान बस्नुभयो । उहाँले खाइरहनुभएको बेला उहाँले भन्नुभयो, “साँच्चै म तिमीहरुलाई भन्दछु

तिमीहरुमध्ये एकजनाले मलाई पक्राइदिनेछ ।" तब तिनीहरु साह्रै दुःखित भएर प्रत्येकले उहाँलाई सोध्न लागे, प्रभु के त्यो म हुँ ?

अनि उहाँले तिनीहरुलाई भन्नुभयो, जसले मसँग थालमा रोटी चोपेर खान्छ त्यो त्यही हो । त्यसैले मलाई फक्राइदिनेछ । मानिसको पुत्र त उसको विषयमा धर्मशास्त्रमा लेखेबमोजिम जानेछ । तर धिक्कार त्यस मानिसलाई, जसद्वारा मानिसको पुत्रलाई धोका हुनेछ ।

पक्राइदिने यहूदाले सोध्यो, गुरुज्यू के त्यो म हुँ ? उहाँले त्यसलाई भन्नुभयो, "तिमी आफैले भन्यौ ।"

तिनीहरुले भोज खाइरहेकै बेला येशूले रोटी लिनुभयो र आशिर्वाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र चेलाहरुलाई दिनुभयो र भन्नुभयो, "लेओ, खाओ, यो मेरो शरीर हो ।" तब कचौरा पनि लिएर धन्यवाद दिइ उहाँले तिनीहरुलाई यसो भनेर दिनुभयो, "तिमीहरु सबैले यसबाट पिओ । किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका पापको प्रायश्चितका लागि बहाइन्छ ।"

भोज खाइसकेर एउटा भजन गाएपछि उहाँहरु जैतून डाँडातिर निस्केर जानुभयो । त्यहाँ येशूले हुन गइरहेको कुराहरुको विषयमा निरन्तर तिनीहरुलाई बताइरहनुभयो ।

तब येशू गेतसमनीको बगैंचामा तिनीहरुसँग जानुभयो, जहाँ उहाँले तिनीहरुसँग प्रार्थनामा पूरै रात बिताउन चाहनुहुन्थ्यो । अनि येशूले पत्रुस र यूहन्नालाई आफूसँग लैजानुभयो र उहाँ ज्यादै व्याकूल हुन लाग्नुभयो । अनि उहाँले तिनीहरुलाई उहाँसँगै जागा रहन भन्नुभयो । अनि उहाँले तिनीहरुलाई छोडेर अलि पर आफ्ना पितासँग प्रार्थना गर्न लाग्नुभयो । उहाँले त्यो रात हुन गइरहेका कुराहरुको विषयमा प्रार्थना गर्नुभयो । उहाँले यसरी प्रार्थना गर्नुभयो :

हे मेरा पिता, हुनसक्छ भने, यो कचौरा मबाट हटोस् । तर पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईले इच्छा गरेबमोजिम होस् ।

यसरी भनिएको छ, त्यही प्रार्थना उहाँले तीन चोटीसम्म गर्नुभएको थियो उहाँको हृदय मृत्युसम्म नै अत्यन्तै दुःखित भएको थियो ।



चेलाहरुले एक घण्टा मात्र पनि आफ्ना आँखा खुल्ला राख्न सकेनन् । उनीहरु निदाइरहेका थिए । अन्त्यमा उहाँले चेलाहरुलाई यसो भन्दै उठाउनुभयो, "उठ, जाऔं । हेर पक्राइदिने नजिकै छ ।"

## मौखिक प्रश्नहरु

१. येशूले कुन जनावरमाथि बसेर यरुशलेममा प्रवेश गर्नुभयो ?
२. येशू शहरमा प्रवेश गर्नुहुँदा मानिसहरुले के गरे ?
३. येशूलाई पक्राउन यहूदाले के गऱ्यो ?
४. शहरमा कुन चाँड मनाइँदै थियो ?
५. येशूले उहाँलाई पक्राउने यहूदा नै हो भनी कसरी थाहा पाउनुभयो ?
६. येशूले भोजको बेलामा दाखरसको बारेमा के भन्नुभयो ?
७. येशूका अनुसार, केको लागि रगत बगाउन जरुरी हुन्छ ?
८. येशूले चेलाहरुलाई रातभरि प्रार्थना गर्न गेतसमनीमा लैजानुभयो । कति जना रातभरि प्रार्थना गर्न सक्षम भए ?
९. येशू पक्राउ पर्नुहुने रातमा उहाँले गर्नुभएको प्रार्थना के थियो ?

# आत्मिक सत्यताहरू

## मत्ती २०-२६

१. परमेश्वरले सबै कुरालाई नियन्त्रण गर्नुहुन्छ । फरिसीहरुले येशूलाई कुनै षड्यन्त्रमा फसाएर पक्रन चाहन्थे । तर परमेश्वरले आफ्नो सिद्ध इच्छा संसारमा पूरा गर्नको लागि तिनीहरुलाई प्रयोग गरिरहनुभएको थियो । येशू खीष्ट पापीहरुको लागि क्रूसमा मर्नुपर्छ भन्ने परमेश्वरको इच्छा थियो ।

२. परमेश्वरले हाम्रो हृदयको कुरा जान्नुहुन्छ जुन अरुले जान्दैन । उहाँको चेला यहूदाले उहाँलाई धोका दिन्छ भन्ने उहाँलाई पहिले नै थाहा थियो ।

३. त्यसरी नै येशू खीष्टले हामीलाई प्रेम गर्नुहुन्छ । हामीले उहाँलाई इन्कार गरे तापनि उहाँले हामीलाई वास्ता गर्नुहुन्छ । येशूले यहूदालाई प्रेम गर्नुभयो र ऊ विश्वासघाती छ भनेर अरु चेलाहरुले थाहा पाउन सकेनन् । त्यसरी नै उहाँले हामीलाई प्रेम गर्नुहुन्छ, यद्यपि हामीले धेरै पटक उहाँलाई इन्कार गर्छौं, धोका दिन्छौं, तर पनि उहाँले हामीलाई सहायता गर्नुहुन्छ ।

४. हाम्रो पापको प्रायश्चितको निम्ति येशू खीष्टले रगत बगाउनुभयो । येशू किन मर्नुपर्दथ्यो भन्ने सत्यता चेलाहरुले बुझ्न सकेनन् । परमेश्वरले पाप क्षमाको लागि मूल्य चुकाउनुपर्छ र त्यो मूल्य रगत बहाइद्वारा मात्र तिरिन्छ भन्ने कुरा तिनीहरुले बुझेनन् । येशूले तिनीहरुलाई प्रेम गर्नुहुन्छ र उनीहरुको पाप क्षमा गरिएको छ भन्ने कुरा मात्र तिनीहरुले जान्न सके । तर उनीहरुको पाप क्षमा गर्नका लागि येशूले कसरी आफ्नो जीवन दिँदै हुनुहुन्छ भन्ने कुरा बुझ्न तिनीहरुलाई धेरै समय लाग्यो ।

- धेरै मानिसहरुलाई तिनीहरुले पाप गर्दैछन् भन्ने कुरा थाहा छ । धेरैजनाले येशूको बारेमा र उहाँले तिनीहरुलाई प्रेम गर्नुहुन्छ भन्ने कुरा सुनेका हुन सक्दछन् । तर पापको मोल तिर्न रगत बहाउनुपर्दछ भन्ने परमेश्वरले





चाहनुहुन्छ भन्ने कुरा थोरैले मात्र बुझेका हुन्छन् । उहाँले हामीलाई धेरै प्रेम गर्नुभएको कारण उहाँले हाम्रो पापको लागि मात्र नभएर संसारको पापको क्षमाको लागि पापको मूल्य तिर्न आफैलाई बलिदान दिनुभयो । त्यही बलिदानको कारणले गर्दा हामीले पापबाट क्षमा पाउने अवसर पाएका छौं । र परमेश्वरको शान्ति पाएका छौं ।

अर्को हप्ता हामीले येशूलाई क्रूसमा टाँगिएको घट्नाबारे विस्तृतमा हेर्नेछौं ।

## पाठ ६

# येशूलाई क्रूसमा टाँगिएको घट्ना

**मत्ती २६–२७**

**"येशूले तिनलाई भन्नुभयो, 'तपाईले नै भनिहाल्नुभयो तापनि म तपाईहरुलाई भन्दछु अब उप्रान्त तपाईहरुले मानिसको पुत्रलाई सर्वशक्तिमानको दाहिने हातपट्टि बसेको र आकाशको बादलमा आइरहेको देख्नुहुनेछ ।'"**

**– मत्ती २६:६४**

## पुनरावलोकन

१. येशू एउटी कन्याबाट जन्मनुभयो, जसको नाम . . . . . . थियो ।

२. धर्मशास्त्रले भनेजस्तै येशूको जन्म . . . . . . शहरमा भएको थियो ।

३. धर्मशास्त्रले बताएअनुसार नै येशू . . . . . . को देशबाट आउनुभयो किनभने उहाँ हेरोद राजादेखि भाग्दै हुनुहुन्थ्यो ।

४. स्वर्गदूतहरुले हेरोद राजा मरिसकेको कुरा योसेफलाई सपनामा बताए र उनलाई इस्राएलमा फर्कन सल्लाह दिए । योसेफ हेरोदका छोराको डरको कारणले गर्दा . . . . शहरको नासरत प्रान्तमा गए ।

५. . . . . . . द्वारा बप्तिस्मा लिएर येशूले आफ्नो सार्वजनिक सेवकायी शुरु गर्नुभयो ।

६. येशू पानीबाट बाहिर आउनुहुँदा . . . . . . ढुकुरको रुपमा स्वर्गबाट ओर्लनुभयो र . . . . . . . . स्वर्गबाट यसो भन्नुभयो, "यिनी मेरा प्रिय पुत्र हुन् जससँग म खुसी छु ।





७. येशूले धेरै रोगीहरुलाई निको पार्नुभयो र धेरै मानिसहरुलाई तिनीहरुको . . . . . क्षमा गर्नुभयो ।

८. धेरै आश्चर्यकर्म देखेपछि गालीलका मानिसहरुले येशूको वचन . . . . लाई आए, तर पनि तिनीहरुले आफ्नो पापको पश्चाताप गर्न चाहेनन् ।

९. "पश्चाताप" को अर्थ के हो ?

१०. येशू यरुशलेम प्रवेश गर्नुहुँदा ठूलो भीड उहाँको साथमा थियो । त्यस जुलुसमा येशू . . . . माथि बसेर सवार गर्दै हुनुहुन्थ्यो ।

११. निस्तार चाडको रातमा, येशूले आफ्ना चेलाहरुलाई भन्नुभयो, "तिमीहरुमध्ये एकजनाले मलाई . . . . दिनेछ ।" त्यो व्यक्ति तिनीहरुमध्ये कुन चाहिँ हो कसैलाई थाहा थिएन ।

१२. येशूले तिनीहरुले पिउँदै गरेको दाखरसको बारेमा बताउनुभयो । उहाँले यसो भन्नुभयो, "यो मेरो रगत हो, जुन हरेक पापीको पाप . . . . को लागि बहाइन्छ ।

१३. चेलाहरुले यी वचन सुने, तर पनि तिनीहरुको पापको निम्ति येशूले आफ्नो जीवन . . . . . . दिँदै हुनुहुन्छ भन्ने कुरा बुझ्न सकेनन् ।

१४. भोजन खाइसकेपछि उहाँहरु सबै जैतुन पर्वततर्फ जानुभयो र त्यसपछि गेतसमनी बगैंचामा जानुभयो । चेलाहरु . . . . . . . . . बेला रातमा येशूले प्रार्थना गर्नुभयो ।

१५. येशूले यसरी प्रार्थना गर्नुभयो, "हुन सक्छ भने यो कचौरा मबाट हटोस्, तर पनि मेरो इच्छा होइन तर . . . . . . . इच्छा पूरा होस् ।

उहाँ बोल्दै गर्नुहुँदा बाह्रमध्येको एकजना अर्थात् यहूदा इस्करयोती आयो । त्यससँग मुख्य पूजाहारी र जनताका धर्म गुरुहरुले पठाएका एउटा ठूलो भीड तरवार र लाठा लिएर आयो । उहाँलाई पक्राइदिनेले तिनीहरुलाई यो सङ्केत दिएको थियो, "जुन मानिसलाई म म्वाइ खान्छु तिनी नै हुन्, तिनैलाई समात ।" तुरुन्तै येशूकहाँ गएर त्यसले भन्यो, "हे गुरु प्रणाम !" र त्यसले उहाँलाई म्वाइ खायो । येशूले त्यसलाई भन्नुभयो - "मित्र तिमी किन आयौ ?"

तुरुन्तै येशूका चेलाहरुमध्ये एकजनाले आफ्नो हात बढाएर आफ्नो तरवार झिके र मुख्य पूजाहारीको दासलाई प्रहार गरेर त्यसको कान छिनाइदिए । येशूले त्यसलाई भन्नुभयो, "यदि मैले चाहे भने मेरा पिताले तुरुन्तै स्वर्गदूतहरुका बाह्र पल्टनभन्दा बढी मेरा लागि पठाइदिनुहुन्छ, तर धर्मशास्त्रमा लेखिएको कुरा पूरा हुनको लागि यो परमेश्वरको इच्छा हो ।"

त्यसपछि येशू त्यहाँ आएको मानिसहरुको समूहतर्फ फर्किनुभयो र तिनीहरुलाई सोध्नुभयो, "के तिमीहरु डाँकूको विरुद्धमा आए झैं गरी मलाई पक्रन तरवार र लाठाहरु लिएर निस्किआयौ ? म दिनहुँ मन्दिरमा सिकाएर बस्थें, र तिमीहरुले मलाई समातेनौ । तर भविष्यवक्ताहरुका शास्त्रहरु पूरा होऊन् भनी यी सबै हुनआएको हो ।"

अनि उहाँका सबै चेलाहरु उहाँलाई एक्लै छोडेर भागे ।

येशूलाई पक्रनेहरुले उहाँलाई प्रधान पूजाहारी कैयाफाकहाँ लगे । त्यहाँ उहाँलाई सोध-खोज गर्नको लागि शास्त्रीहरु र धर्मगुरुहरु भेला भएका थिए ।

उहाँलाई मृत्यु दण्ड दिनको लागि तिनीहरुले उहाँको विरुद्धमा धेरै झूटा गवाही तयार पारिरहेका थिए । धेरै झूटो गवाही दिनेहरु आए तर तिनीहरुले कुनै प्रमाण पाएनन् । उहाँसँग सोधपुछ गर्नको लागि मुख्य पूजाहारी स्वयम् आए । अन्त्यमा उनले येशूलाई सोधे, "जीवित परमेश्वरको शपथ खाएर भन्दछु, हामीलाई बताऊ, के तिमी परमेश्वरका पुत्र हौ ?"

येशूले तिनलाई भन्नुभयो, "तपाई आफैले भनिहाल्नुभयो, तापनि म तपाईहरुलाई भन्दछु, अब उप्रान्त तपाईहरुले मानिसको पुत्रलाई सर्वशक्तिमानको दाहिने हातपट्टि बसेको र आकाशमा बादलको सवारीमा आइरहेको देख्नुहुनेछ ।"

यो कुरा सुनेर पूजाहारीले आफ्नो बस्त्र च्याते र भने, "यसले त ईश्वरनिन्दा बोल्यो ।" अनि उहाँको वरिपरी हुनेहरुले उहाँको मुखमा थुक्न शुरु गरे । कसैले उहाँलाई मुक्का हाने र कसै-कसैले यसो भन्दै थप्पड लाए, "हे ख्रीष्ट, लौ भविष्यवाणी भन, तँलाई हिर्काउने को हो ?"

बिहान सबेरै, सबै मुख्य पूजाहारीहरु र जनताका धर्म गुरुहरुले येशूलाई मृत्यृदण्ड दिने भनी उहाँको विरुद्धमा सरसल्लाह गरे । अनि तिनीहरुले



उहाँलाई बाँधेर लगे र हाकिम पिलातसकहाँ सुम्पिदिए । तिनीहरुले उहाँले "यहूदीहरुका राजा हुँ" भन्नुभएको कुरा भने ।

येशू हाकिमको सामु उभिनुभयो र तिनले येशूलाई भने, "के तिमी यहूदीहरुका राजा हौ त ?" येशूले तिनलाई भन्नुभयो, "तपाईले नै त्यसो भन्नुहुन्छ ।"

तर धेरै सोधपुछ गरिसकेपछि पिलातसले येशूलाई क्रूसमा टाँग्ने कारण केही पनि भेट्टाएनन् । पिलातसकी श्रीमतीले सपना देखिन् र येशूलाई केही पनि नगर्नु भनी आफ्ना श्रीमानलाई भनिन् । यहूदी अगुवाहरु र धर्मगुरुहरु येशूको विरुद्धमा छन् र उहाँसँग रिसाएका कारण यस्तो भएको हो भन्ने पिलातसलाई थाहा भयो । तर उनलाई यी क्रोधित मानिसहरुको रिस साम्य पार्न के गर्ने भन्ने कुरा थाहा थिएन् ।

निस्तार चाडमा भीडले चाहे बमोजिम हाकिमले एकजना कैदी छोडिदिने प्रथा थियो र त्यसबेला बारब्बा नाउँ भएको एकजना कुख्यात कैदी थियो । अनि मानिसहरु भेला भएपछि पिलातसले तिनीहरुलाई सोधे, "तिमीहरु के चाहन्छौ ? म तिमीहरुको निम्ति कसलाई छोडिदिऊँ ? बारब्बा कि ख्रीष्ट कहलाइने येशूलाई ?" तिनीहरुले उनलाई भने, "बारब्बालाई ।"

पिलातसले तिनीहरुलाई भने, "तब ख्रीष्ट कहलाइने येशूलाई चाहिँ म के गरुँ भन्ने तिमीहरु चाहन्छौ ।" तिनीहरु सबैले जवाफ दिए, "त्यो क्रूसमा टाँगिओस् ।"

तर केही सीप नलागेको देखेर धेरै खैलाबैला मच्चिन्छ भन्ने डरले पिलातसले पानी लिइ भीडको सामु आफ्ना हात धोएर भने, "तिमीहरु आफै जान, म यस मानिसको रगतदेखि निर्दोष छु ।" अनि उनले तिनीहरुको निम्ति बारब्बालाई छोडिदिए, तर येशूलाई कोर्रा लगाएर क्रूसमा टाँग्नलाई सुम्पिदिए ।

सिपाहीहरुले येशूलाई पिलातसको महलबाट लगे र जम्मै पल्टन उहाँ सामु भेला भएर उहाँको गिल्ला गर्न लागे । तिनीहरुले उहाँको बस्त्र फुकालेर बैजनी बस्त्र लगाइदिए । तिनीहरुले काँढाको मुकुट गुथेर उहाँको शिरमा लगाइदिए । अनि तिनीहरुले उहाँको दाहिने हातमा निगालो दिए र उहाँको सामु घुँडा टेकेर उहाँलाई यसो भन्दै गिल्ला गरे, "हे यहूदीहरुका राजा

प्रणाम !" तिनीहरुले उहाँलाई थुके । त्यो निगालो लिएर उहाँको शिरमा हिर्काए । उहाँको गिल्ला गरिसकेपछि तिनीहरुले त्यो बस्त्र फुकालिदिए र उहाँको आफ्नै बस्त्र पहिराएर उहाँलाई क्रूसमा झुण्ड्याउन लगे ।

येशू क्रूसमा टाँगिनुभएको थियो र रोमीहरुले "येशू यहूदीहरुका राजा" भन्ने उहाँ विरुद्धको दोषपत्र उहाँको शिरदेखि माथितिर टाँसिदिए । उहाँसँग दुईजना डाँकूहरु पनि क्रूसमा झुण्ड्याइएका थिए, एउटा उहाँको दाहिनेपट्टि र अर्को देब्रेपट्टि ।

जब येशू क्रूसमा टाँगिनुभएको थियो, मध्यान्हदेखि तीन बजेसम्म सारा देशमा घोर अन्धकार भयो । अनि ३ बजेतिर येशू यसो भनेर ठूलो स्वरले कराउनुभयो, "इलोई, इलोई लामा सबखथनी ?" अर्थात्, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईले मलाई किन त्याग्नुभयो ?" तब येशू फेरि ठूलो स्वरले कराउनुभयो र आफ्नो प्राण त्याग्नुभयो ।

उहाँले आफ्नो प्राण त्याग्नुभएकै घडी धेरै अचम्मका घटनाहरु घटे । मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म दुई भाग भएर च्यातियो र जमीन काँप्न लाग्यो र चट्टानहरु फुटे, चिहानहरु उघारिए र सुतेका धेरै सन्तहरुका मृत शरीर जीवित भइ उठे र तिनीहरु चिहानबाट निस्के र मृत्युबाट येशूको पुनरुत्थान भएपछि तिनीहरु पवित्र शहरमा प्रवेश गरे र धेरैकहाँ देखापरे ।

## मौखिक प्रश्नहरु

१. येशूलाई कसरी विश्वासघात गरिएको थियो ?

२. उहाँका चेलाहरुमध्ये एकजनाले उहाँलाई बचाउने कोशिस गरेका थिए । उनी को थिए र त्यो कार्यप्रति येशूको प्रतिक्रिया के थियो ?

३. येशू पक्राउ पर्नुहुने बेलामा चेलाहरुले के गरे ?

४. कुन बगैंचामा तिनीहरुले येशूलाई पक्रेका थिए ?

५. यद्यपि त्यहाँ धेरै झूटा गवाहीहरु थिए, तर पनि तिनीहरुले अन्तमा येशूलाई कसरी ईश्वरनिन्दाको दोष लगाए ?

६. बिहान सबेरै यहूदी अगुवाहरुले येशूलाई कहाँ लगे ?



७. धेरै सोधपुछ गरिसकेपछि पिलातसले येशूमा कुनै दोष भेट्टाएनन् तर उनी मानिसहरुसँग डराउँथे, त्यसैले उनले मानिसहरुलाई छान्न दिए । उनले मानिसहरुलाई के कुरा छान्न दिएका थिए ? र मानिसहरुले के छाने ?

८. सिपाहीहरुले येशूसँग कस्तो व्यवहार गरे ?

९. ३ घण्टाको अन्धकारपछि येशूले चर्को स्वरमा कराएर केही भन्नुभएको थियो, त्यसको अर्थ के हो ?

१०. येशूले आफ्ना प्राण त्याग्नुभएपछि कस्ता घटनाहरु घटेका थिए ?

# आत्मिक सत्यताहरू

## मत्ती २६-२७

१. येशू को हुनुहुन्छ ? "**मानिसको पुत्रलाई सर्वशक्तिमानको दाहिने हातपट्टि बसेको र आकाशको बादलमा आइरहेको देख्नुहुनेछ ।**" यही जवाफ येशूले प्रधान पूजाहारीलाई दिनुभएको थियो । यही नै उहाँलाई क्रूसमा लैजाने अन्तिम जवाफ थियो । हरेक व्यक्ति यही प्रश्नको कारण समस्यामा थिए, "वास्तवमा येशू को हुनुहुन्छ ?" उहाँ साँच्चै नै सर्वशक्तिमानको दाहिनेपट्टि बस्नुहुन्छ र आकाशको बादलमा आउनुहुन्छ भने, हामी हरेकले उहाँलाई कसरी जवाफ दिने भन्ने निर्णय गर्नुपर्छ ।

२. येशू कुख्यात अपराधी बारब्बाको सट्टामा क्रूसमा झुण्ड्याइनुभयो र बारब्बालाई मुक्त गरियो ।

- म बारब्बाजस्तो अपराधी नहुन सक्दछु तर म परमेश्वरको दृष्टीमा पापी हुँ, यसैकारण मेरो सजायँ मृत्यु हो । रोमी ६:२३ मा यसरी भनिएको छ, "**पापको ज्याला मृत्यु हो ।**" यसको अर्थ हामीले हाम्रो जीवनमा गरेका खराब काम र पापको कारण हामी मर्नयोग्यका छौं । यसको अर्थ यो हो कि हामी बारब्बाजस्ता पापी होऊँ वा येशूका चेलाहरुजस्ता असल व्यक्ति नै किन नहोऊँ, तर पनि हामी सबैलाई पापको क्षमा आवश्यक पर्दछ ।

३. **हाम्रो पापको मूल्य तिर्न येशूले दु:ख भोग्नुभयो, न्याय भोग्नुभयो र मारिनुभयो ।** यही कारणले गर्दा नै येशू संसारमा आउनुभएको थियो । हामीले आफ्नो पापबाट क्षमा पाइ हामी परमेश्वरको अगाडि उभिन सकौं भन्ने उहाँ चाहनुहुन्छ । केही व्यक्तिहरुले यसो भन्ने गर्दछन् कि येशू शहीद वा भविष्यवक्ता हुनुहुन्छ । तर यो सत्य होइन, किनभने येशू आफैले उहाँ परमेश्वर हुनुहुन्छ र पापीहरुको पाप क्षमा गर्नको लागि संसारमा आउनुभएको कुरा घोषणा गर्नुभयो ।





४. **येशूले आफ्नो प्राण त्याग्नुभयो ।** येशूले चाहनुभएको भए, उहाँले जतिबेला पनि क्रूसबाट छुटकारा प्राप्त गर्न सक्नुहुन्थ्यो । उहाँलाई गिल्ला गर्ने मानिसहरु सबैलाई उहाँले एउटा मात्र शब्दद्वारा पनि मार्न सक्नुहुन्थ्यो । तर, उहाँले आफ्नै इच्छाअनुसार तिनीहरुको गिल्लालाई सहनुभयो र ठीक समयसम्म उहाँ क्रूसमै रहिरहनुभयो । अनि उहाँले आफ्नो समयमा आफ्नो प्राण त्याग्नुभयो । उहाँ मर्न चाहनुभयो किनभने उहाँले हाम्रा पापहरुको मोल तिर्न चाहनुभयो । बाइबलले यूहन्ना ३:१६ मा यसो भन्दछ : "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्ना एक मात्र पुत्रलाई दिनुभयो ता कि उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।"

- अर्को पाठमा, हामीले येशूको पुनरुत्थानबारे अध्ययन गर्नेछौं । किनकि सत्यता चाहिँ यो हो कि येशू मर्नुभएको छैन, तर उहाँ जीवितै हुनुहुन्छ र आज तपाईको जीवनभित्र आउन चाहनुहुन्छ । उहाँले तपाईको हृदयलाई तपाईका सम्पूर्ण पापहरुदेखि शुद्ध पार्न चाहनुहुन्छ र तपाईको जीवनलाई पूर्ण रुपमा परिवर्तन गर्न चाहनुहुन्छ ।

# पाठ ७

# येशूको पुनरुत्थान

## मत्ती २७–२८

**"तिमीहरु नडराओ, किनभने मलाई थाहा छ, कि तिमीहरु क्रूसमा टाँगिनुभएका येशूलाई खोज्दैछौ । उहाँ यहाँ हुनुहुन्न, किनकि उहाँले भन्नुभए बमोजिम उहाँको पुनरुत्थान भएको छ ।"**

**– मत्ती २८:५–६**

## पुनरावलोकन

१. येशू एउटी कन्याबाट जन्मनुभयो, जसको नाम . . . . . . थियो ।

२. बप्तिस्मा दिने यूहन्ना नाउँ गरेका मानिसद्वारा . . . . . . लिएर येशूले आफ्नो सार्वजनिक सेवकायी शुरु गर्नुभयो ।

३. येशूको बप्तिस्मा हुँदा . . . . . . ढुकुरको रुपमा येशूमाथि ओर्लनुभयो र स्वर्गबाट परमेश्वरको यसो भन्ने आवाज आयो, "यिनी मेरा प्रिय . . . हुन् जससँग म खुसी छु । यसले हामीलाई त्रित्वका तीन व्यक्तिहरु देखाउँदछ : परमेश्वर . . . . . ., परमेश्वर . . . . . . र परमेश्वर . . . . . . ।

४. येशूले धेरै रोगीहरुलाई निको पार्नुभयो र धेरै मानिसहरुलाई तिनीहरुको . . . . . क्षमा गर्नुभयो ।

५. धेरै आश्चर्यकर्म देखेपछि पनि गालीलका धेरै मानिसहरुले येशूको वचनलाई इन्कार गरे र तिनीहरुले आफ्नो पापको . . . . गर्न चाहेनन् ।

६. "पश्चाताप" शब्दको अर्थ के हो ?

७. येशूले भन्नुभयो कि त्या दाखरसले उहाँको रगतलाई जनाउँदथ्यो जुन धेरैको पापको . . . . . . लागि . . . . . . थियो ।





८. फरिसीहरुले येशूलाई बगैंचामा पक्रे जहाँ उहाँले प्रार्थना गरिरहनुभएको थियो, र तिनीहरुले उहाँलाई प्रधान . . . . . . को घरमा लगे जसको नाउँ कैयाफा थियो ।

९. प्रधान पूजाहारीले येशूलाई उहाँ . . . . . . . . . हुनुहुन्थ्यो कि हुनुहुन्थेन भनेर सोधे, र येशूले जवाफ दिनुभयो कि उहाँ हुनुहुन्थ्यो । त्यस समयमा मानिसहरु येशूमाथि जाइलागे र तिनीहरुले उहाँको अनुहारमा . . . ., उहाँलाई . . . . ., र उहाँलाई आ-आफ्ना हातको . . . . . ले हिर्काए ।

१०. बिहान भएपछि, फरिसीहरुले येशूलाई रोमी अधिकारीको घरमा लगे जसको नाउँ . . . . . . थियो ।

११. पिलातसले येशूलाई दोषी भएको पाएनन् तर उनले उहाँलाई क्रूसमा टाँग्नलाई दिए, किनभने उनी मानिसहरुको . . . . . . देखेर डराएका थिए ।

१२. रोमी सिपाहीहरुले येशूलाई यातना दिए । तिनीहरुले उहाँको शिरमा . . . . . . . मुकुट लगाइदिए र उहाँको शिरमा . . . . . ले हिर्काए, जुन तिनीहरुले उहाँलाई समात्न दिएका थिए ।

१३. येशूलाई झुण्ड्याइएको क्रूसमा यसो भनेर लेखिएको दोषपत्र टाँसिएको थियो, "यो यहूदीहरुको . . . . येशू हो ।"

१४. मध्यान्हदेखि तेस्रो पहरसम्म पृथ्वीमा . . . . . . भयो ।

अरिमथियाका योसेफ नाउँ गरेका एकजना धनी मानिस थिए जो येशूका एक चेला पनि थिए । उनले पिलातसकहाँ गएर येशूको मृत शरीर मागे र पिलातसले सो दिने हुकुम गरे । योसेफले मृत शरीर लिएर सफा मलमलको कपडाले बेह्रे र तिनले चट्टानमा खोपेर बनाएको आफ्नै नयाँ चिहानमा उहाँलाई राखे र चिहानको मुखमा एउटा ठूलो ढुङ्गा गुडाइदिए ।

भोलिपल्ट मुख्य पूजाहारीहरु र फरिसीहरु पिलातसकहाँ भेला भएर तिनलाई भने, "हामीलाई याद छ कि त्यो जिउँदो छँदा ३ दिनपछि म फेरि उठ्नेछु भनेको थियो । यसकारण तेस्रो दिनसम्म त्यो चिहान सुरक्षित राख्नलाई हुकुम गर्नुहोस् नत्र त चेलाहरुले आएर त्यो चोरेर लैजालान् र त्यो

त मरेकोबाट जीवित उठ्यो भनेर मानिसहरुलाई भन्नेछन् ।" अनि पिलातसले तिनीहरुलाई भने, "तिमीहरुको आफ्नै पहरा छदैछ । जाओ, तिमीहरुले सकेसम्म सुरक्षित राख ।" तब तिनीहरुले गएर ढुङ्गामा मोहोर लाए र पहरेदारहरु खटाएर चिहान सुरक्षित राखे ।

साताको पहिलो दिन मरियम मग्दलिनी र अर्की मरियम येशूलाई राखेको चिहान हेर्नलाई गए । तिनीहरु जब त्यहाँ पुगे, त्यहाँ ठूलो भुकम्प गयो किनकि परमप्रभुको एउटा दूत स्वर्गबाट तल ओर्ले र गएर ढुङ्गो हटाएर त्यसमाथि बसे । तिनको डरले ती पहरेदारहरु थरथर काँपे र मरेतुल्य भए ।

तर स्वर्गदूतले ती स्त्रीहरुलाई भने, "तिमीहरु नडराओ, किनभने मलाई थाहा छ तिमीहरुले क्रुसमा टाँगिएको येशूलाई खोज्दैछौ । उहाँ यहाँ हुनुहुन्न, किनकि उहाँले भने बमोजिम उहाँ जीवित भइ उठ्नुभएको छ । आओ, उहाँलाई राखिएको ठाउँ हेर । अब चाँडो गएर उहाँका चेलाहरुलाई खबर देओ कि उहाँ मृत्युबाट जीवित भइ उठ्नुभएको छ र उहाँ तिमीहरुभन्दा अगाडि गालीलमा जाँदैहुनुहुन्छ । तिमीहरुले उहाँलाई देख्नेछौ । हेर, मैले तिमीहरुलाई भनिदिएको छु ।"

अनि स्त्रीहरु डर र अति आनन्दसँग झट्टै चिहानबाट निस्केर गए र उहाँका चेलाहरुलाई खबर दिन दगुरे । तिनीहरु चेलाहरुलाई भेट्न जाँदैथिए, अकस्मात येशूले तिनीहरुलाई भेटेर भन्नुभयो, "शान्ति ।" तिनीहरु नजिक आएर उहाँको पाऊ पक्रेर उहाँलाई दण्डवत् गरे । येशूले तिनीहरुलाई भन्नुभयो, "गएर मेरा भाइहरुलाई गालीलमा जान भनिदेओ र त्यहाँ तिनीहरुले मलाई देख्नेछन् ।"

चिहानका पहरेदारहरु शहरमा गएर मुख्य पूजाहारीहरुलाई चिहानमा भएको घटनाको बारेमा खबर दिए । अनि मुख्य पूजाहारीहरु र धर्मगुरुहरु भेला भए । अनि तिनीहरुले सल्लाह गरे र सिपाहीहरुलाई यसो भनेर धेरै पैसा दिए, "तिमीहरुले भन्नु कि हामी सुतिरहेका बेला त्यसका चेलाहरु आएर त्यसलाई चोरेर लगेछन् । कतै हाकिमको कानमा यो कुरा पुगिहाल्यो भने हामीले तिमीहरुलाई जोगाइदिनेछौं ।" तब तिनीहरुले घुस लिए र शहरको चारैतिर तिनीहरुलाई सिकाएबमोजिम झूट्टा खबर दिए ।

बाँकी एघारैजना चेलाहरु गालीलको त्यस डाँडामा गए, जहाँ येशूले तिनीहरुलाई उहाँलाई भेट्न जाने आदेश दिनुभएको थियो ।



तिनीहरुले उहाँलाई देखेर दण्डवत् गरे तर कतिले चाहिँ शङ्का गरे । अनि अन्तिम समयमा येशूले तिनीहरुसँग यसो भनेर बोल्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर म युगको अन्त्यसम्म सधैं तिमीहरुको साथमा छँदैछु । आमेन !"

## मौखिक प्रश्नहरु

१. अरिमथियाका योसेफले पिलातससँग के मागे ?
२. येशूको मृत शरीर तीन दिनमा के हुन्छ भनेर फरिसीहरु डराएका थिए ? किन ?
३. पहिलो दिन येशूलाई हेर्न गएका स्त्रीहरु जब चिहानमा पुगे, तब त्यहाँ उनीहरुले के भेटे ?
४. जब स्त्रीहरु चेलाहरुलाई खबर दिन दगुर्दै जाँदैथिए त्यहाँ तिनीहरुको भेट कोसँग भयो ?
५. कुन ठाउँमा येशूले आफ्ना चेलाहरुलाई भेट्नको लागि बोलाउनुभयो ?
६. डाँडामा येशूले आफ्ना चेलाहरुलाई धेरै महत्वपूर्ण आज्ञा दिनुभयो । येशूको वचनमा खालि ठाउँ भर्नुहोस् : "यसकारण जाओ र सबै देशका जातिहरुलाई . . . . बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई . . . . . देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छँदैछु ।"

# आत्मिक सत्यताहरू

## मत्ती २७-२८

१. येशू आज पनि जीवित हुनुहुन्छ। **येशू यस्तो मानिस हुनुहुन्न जसलाई झ्यालखानामा हाल्न र मार्न सकिन्छ। उहाँ त अनन्त परमेश्वर हुनुहुन्छ।** उहाँ आदि र अन्त्य हुनुहुन्छ। मानिसको रुपमा यस संसारमा आएर उहाँले दुःख भोग्नुपर्दछ भन्ने चाहिँ शुरुबाट नै संसारप्रतिको परमेश्वरको योजना थियो। त्यही दिन त्यसरी नै क्रुसमा टाँगिनु उहाँको इच्छा थियो। उहाँको इच्छा निराश हुँदैन न त भङ्ग नै हुन सक्दछ। उहाँ सधैं परमेश्वर नै हुनुहुन्छ र एक मात्र सत्य जीवित परमेश्वर हुनुहुन्छ।

२. फरिसीहरुले येशूको वचनमा विश्वास गरे। उहाँको मृत्युपछि सिपाहीहरुलाई चिहानमा पहरा दिनलाई राखिएको थियो। किनभने येशूले मृत्युपछि तीन दिनमा बौरी उठ्ने प्रतिज्ञा गर्नुभएको थियो। येशू मृत्युबाट बौरी उठ्नुभएको कुरा सिपाहीहरुले भनेपछि तिनीहरुले सिपाहीहरुको कुरामा विश्वास गरे। तिनीहरुले यस घट्नालाई झूटो भन्नको लागि घुस दिएका थिए। यी मानिसहरु बप्तिस्मा दिने यूहन्नाले येशूलाई बप्तिस्मा दिँदा पनि त्यहाँ उपस्थित थिए र स्वर्गबाट बोलिएको आवाज "यिनी मेरा प्रिय पुत्र हुन् जससँग म खुसी छु" पनि सुनेका थिए। येशूले गर्नुभएका अचम्मका कामहरुका साक्षी पनि यी मानिसहरु नै थिए। येशूले विश्रामको दिनमा हात सुकेको मानिसलाई निको पार्नुभयो भनी तिनीहरु रिसाएका थिए। येशूले धेरै मानिसहरुबाट दुष्ट आत्मा निकाल्नुभएको तिनीहरुले देखेका थिए र धेरैको पाप क्षमा गर्नुभएको पनि देखेका थिए। येशूको जीवन र वचनको बारेमा फरिसीहरुले भन्दा धेरै अरुले जान्दैनन् तर तिनीहरुले आफ्ना पापको पश्चाताप गरेनन्, आफ्नो जीवन येशू खीष्टको अधीनमा सुम्पेनन्। **उहाँको जीवनको बारेमा जान्नु र सिक्नुभन्दा राम्रो येशू खीष्टसँग सम्बन्ध राख्नु हो। हामीले हाम्रो जीवन उहाँलाई दिऔं, उहाँमाथि विश्वास गरौं र आफ्नो पापको पश्चाताप गरौं भन्ने येशू चाहनुहुन्छ। हरेक दिन उहाँले हाम्रो जीवन उहाँको नियन्त्रणमा राख्न चाहनुहुन्छ।**





३. येशू को हुनुहुन्छ ?

⇒ येशू कन्याको कोखबाट जन्मनुभएको थियो।
⇒ येशूले आफू परमेश्वर हुनुहुन्छ भनी दाबी गर्नुभयो।
⇒ येशूले पश्चाताप गर्नेहरुलाई क्षमा गर्नुभयो र धेरै अचम्मका कार्यहरु गर्नुभयो।
⇒ परमेश्वरको सामु हामीलाई धर्मी ठहराउनको लागि हाम्रो पापको मूल्य चुकाउन येशू क्रूसमा मर्नुभयो।
⇒ येशू मृत्युबाट बौरी उठ्नुभयो र उहाँ आज पनि जीवित हुनुहुन्छ।
⇒ मैले मेरो जीवन उहाँ दिऊँ र आफ्नो पापको पश्चाताप गरौं भन्ने येशू चाहनुहुन्छ।

बाइबलले बताउँदछ कि येशू उदाहरण हुनको लागि मर्नुभएन, तर उहाँ तपाई र मेरो सट्टामा मर्नुभयो किनकि हामीले हाम्रो जीवनमा गरेका सम्पूर्ण पापहरुको निम्ति हामी परमेश्वरको सामु पर्न योग्यका छौं।

**बाइबलले भन्दछ, "प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ।" (रोमी १०:१३)**

* यसको अर्थ परमेश्वरले मेरो पुरानो जीवनलाई ध्यान दिनुहुन्न वा वास्ता गर्नुहुन्न, मैले उहाँलाई मेरो जीवनमा बोलाउन सक्छु र उहाँले मेरा पापहरुलाई क्षमा गर्नुहुनेछ र उहाँ मेरो जीवनमा बस्नुहुनेछ।

* यसको अर्थ जुन घडी येशू मेरो जीवनमा आउनुहुन्छ, त्यही बेलादेखि नै मेरो पुरानो जीवनका, वर्तमानका र भविष्यका सबै पाप परमेश्वरको अगाडि पहिले नै क्षमा गरिन्छन्। मैले केही गरेको कारणले यसो भएको होइन र म असल धार्मिक व्यक्ति भएको कारणले पनि होइन। म एउटा आदर्शवान व्यक्ति भएको कारणले पनि होइन। तर खीष्ट येशूले मेरो पापको मूल्य चुकाउन क्रूसमा दिनुभएको बलिदानलाई मैले स्वीकार गरेको कारणले मात्र हो।

* यसको अर्थ यो हो कि यही क्षणदेखि, म परमेश्वरको नजरमा फेरि एक शुद्ध, निर्दोष व्यक्ति हुन्छु। बाइबलले बताउँदछ कि पापको ज्याला मृत्यु हो, तर यदि मैले खीष्टलाई पछ्याउन चाहन्छु भने खीष्टको मृत्यु नै मलाई नयाँ सृष्टि बनाउन मेरो लागि प्रयाप्त हुन्छ।

यदि अहिले नै तपाईले तपाईको जीवनमा परमेश्वरको क्षमा पाउन चाहनुहुन्छ भने, खीष्टको अनुयायी हुन चाहनुहुन्छ भने, तपाईले यही समयमा उहाँलाई तपाईको जीवनमा बोलाउन सक्नुहुन्छ। त्यसको लागि कुनै धार्मिक स्थानको खाँचो पर्दैन र कुनै राम्रो शब्दमा पनि भन्नु आवश्यक पर्दैन । केवल तपाईले आफ्नो जीवनमा खीष्टलाई विश्वास गर्नुपर्दछ र उहाँलाई तपाईको जीवनको प्रभु र नियन्त्रक हुनुहोस् भनेर बिन्ती गर्नुपर्दछ ।

तपाईले यसरी प्रार्थना गर्न सक्नुहुन्छ :

“हे पिता, परमेश्वर मलाई थाहा छ कि म पापी हुँ । म विश्वास गर्छु कि येशू मेरो पापबाट मलाई बचाउनको लागि क्रूसमा मर्नुभयो र चिहानबाट जीवित भइ उठ्नुभयो । म मेरो पापको पश्चाताप गर्छु । मेरो जीवनमा आउनुहोस् र मेरा पापलाई क्षमा गर्नुहोस् । मेरा लागि तपाईले गर्नुभएको प्रेमको निम्ति तपाईदलाई धन्यवाद । येशूको नाउँमा, आमेन ।”

४. **“हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छँदैछु ।**

यूहन्ना १४:२ मा बाइबलले यसरी भन्दछ, “मेरा पिताको घरमा बस्ने ठाउँहरु धेरै छन् । त्यसो नभए, म तिमीहरुलाई भन्नेथिएँ । किनकि म तिमीहरुका निम्ति ठाउँ तयार पार्न जान्छु । अनि गएर मैले तिमीहरुका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु र तिमीहरुलाई मकहाँ लैजानेछु र जहाँ म छु त्यहाँ तिमीहरु पनि हुन्छौं ।”

येशूले यसरी प्रतिज्ञा गर्नुभएको छ कि आफ्नो जीवन उहाँलाई दिने हरेक स्वर्गमा सदा उहाँसँगै रहनेछ । स्वर्ग चाहिँ पिताको घर हो । **हामीले येशूलाई हाम्रो जीवनमा ग्रहण गरेपछि, हामी सदा येशूसँगै रहनेछौं ।** यसको अर्थ येशू संसारमा पनि हामीसँग हुनुहुनेछ र हामी मरिसकेपछि पनि ही अनन्तसम्म उहाँसँगै स्वर्गमा रहनेछौं ।

**येशूले हामीलाई गर्नुहुने प्रेम साँच्चै नै सदाको लागि रहिरहन्छ !**